# उर्लाबारी नगरपालिकाको

# आर्थिक सर्वेक्षण २०८१/०८२

उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | विषयवस्तु | पेज नं |
|---|---|---|
| | कार्यकारी शारांश | १ |
| १ | उर्लाबारी नगरपालिका परिचय | ५ |
| १.क. | विश्व अर्थतन्त्र | ७ |
| | विश्व आर्थिक वृद्धिदर | ७ |
| | मुल्य स्थिती | ८ |
| | विश्व व्यापार | ८ |
| १.ख. | नेपालको अर्थतन्त्र | ८ |
| | आर्थिक वृद्धि | ९ |
| | उपभोग | ९ |
| | बचत-लगानी अन्तर | ९ |
| | प्रतिव्यक्ति आय | ९ |
| १.ग ) | चालु आर्थिक बर्षको १० महिनाको र गत आर्थिक वर्षको चालु खर्च | १० |
| १.घ) | चालु आर्थिक वर्षको १० महिनाको र गत वर्षको पूँजिगत खर्चको तुलनात्मक अवस्था | १३ |
| १.(ङ) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षको आन्तरिक आय | १७ |
| १.(च) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण | २२ |
| १.(छ) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति | २४ |


उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १.(ज) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा सामजिक क्षेत्रमा भएको प्रगति | २८ |
| १.(झ) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति | ३२ |
| १.(ञ) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति | ३६ |
| १.(ट) | चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति | ३७ |
| १.ठ) | स्थानीय अर्थतन्त्रका प्रमुख चुनौतिहरु | ३८ |
| १.ढ) | सहकारी क्षेत्रबाट भएको उपलब्धी | ४० |
| २ | समग्र आर्थिक स्थिती | ४० |
| २.क. | अन्तराष्ट्रिय आर्थिक स्थिती | ४० |
| २.ख. | नेपालको आर्थिक स्थिती | ४३ |
| | आर्थिक वृद्धि | ४३ |
| | मूल्य स्थिति | ४४ |
| | उपभोग | ४४ |
| | बचत | ४४ |
| | लगानी | ४५ |
| | प्रतिव्यक्ति आय | ४५ |
| | सार्वजनिक वित्त | ४५ |
| ३. | स्थानीय वित्त (गत आर्थिक वर्ष र चालु आवको चैत मसान्त सम्मको विवरण) | ४६ |


उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३.क. | स्थानीय आय | ४८ |
| ३.ख. | अन्तरसरकारी वित्तिय हस्तान्तरण (चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षको वित्तीय हस्तान्तरण ) | ५० |
| ३.ग. | गत आ.ब.को स्थानीय खर्चको विवरण | ५१ |
| ४ | आर्थिक विकास ( गत आ.ब. र चालु आ.ब. को चैत्र सम्म प्रगती विवरण र सोको तुलनात्मक समिक्षा )<br>कृषि तथा खाद्य सुरक्षा | ५३ |
| | स्थानीय सडक तथा पूर्वाधार निर्माणको अवस्था | ५३ |
| | सिंचाईको अवस्थाः | ५३ |
| | वित्तीय क्षेत्र :(बैंक तथा वित्तीय संस्थाहरू) | ५३ |
| | लघु, घरेलु, साना उद्योग, औद्योगिक ग्राम र सीप विकासः | ५४ |
| | श्रम तथा रोजगारी सम्बन्धी विवरण | ५४ |
| | व्यवसाय दर्ता तथा बजार अनुगमनः | ५५ |
| | कृषि, पर्यटन, सहकारी र स्थानीय आर्थिक उत्पादन | ५५ |
| ५ | सामाजिक विकास ( गत आ.ब. र चालु आ.ब. को चैत्र सम्म प्रगती विवरण र सोको तुलनात्मक समिक्षा ) | ५७ |
| | स्वास्थ्य | ५७ |
| | खानेपानी र सरसफाई | ५८ |
| | युवा तथा खेलकूद | ५९ |
| | महिला, बालबालिका र जेष्ठ नागरिक | ५९ |


उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | व्यक्तिगत घटना दर्ता | ६० |
| | राष्ट्रिय परिचय पत्र | ६० |
| | सामाजिक सुरक्षा | ६० |
| | बालमैत्री स्थानीय शासन | ६१ |
| | टोल विकास संस्थाको विवरण | ६१ |
| | शिक्षा | ६२ |
| ६ | वातावरण तथा विपद् व्यवस्थापन ( गत आ.ब. र चालु आ.ब. को चैत्र सम्म प्रगती विवरण र सोको तुलनात्मक समिक्षा ) | ६२ |
| | फोहोरमैला व्यवस्थापन | ६२ |
| | वातावरण मैत्री स्थानीय शासन | ६३ |
| | विपद् व्यवस्थापन | ६३ |
| | हरियाली संरक्षण | ६४ |
| | वातावरण संरक्षण | ६४ |
| | अग्नि नियन्त्रण | ६४ |
| | अन्य विषय | ६४ |
| ७ | संस्थागत तथा मानव संशाधन विकास | ६५ |
| | वडा कार्यालय | ६५ |


उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | स्थानीय तहको जनशक्ति विवरण | ६५ |
| | स्थानीय तह संस्थागत स्वमूल्याङ्कन )LISA) नतिजा | ६५ |
| | वित्तीय सुशासनः आन्तरिक नियन्त्रण, वित्तीय अनुशासन र वित्तीय सुशासन लेखाजोखा | ६६ |
| | सामाजिक परीक्षण, जाँचपास तथा फरफारक | ६७ |
| | स्थानीय ऐन तथा कानूनहरूको विवरण | ६७ |
| | स्थानीय प्रकाशनको विवरण | ६८ |


उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# उर्लाबारी नगरपालिकाको आर्थिक सर्वेक्षण २०८१।०८२

## कार्यकारी शारांश

- उर्लाबारी नगरपालिका, कोशी प्रदेशको मोरङ जिल्लामा अवस्थित, एक महत्वपूर्ण सहरोन्मुख नगरपालिकाको रूपमा स्थापित छ । साविकका मधुमल्ला, राजघाट र उर्लाबारीलाई समेटी २०७३ सालमा पुनर्संरचना गरिएको यो नगरपालिका ९ वटा वडाहरूमा विभाजित छ र यसको कुल क्षेत्रफल ७४.६२ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, नगरपालिकाको कुल जनसंख्या ७०,५०८ छ, जसमा महिला ३७,५५२ र पुरुष ३३,३५६ रहेका छन् । यहाँको लैङ्गिक अनुपात प्रति १०० महिलामा ८८.८३ पुरुष छ, जसले वैदेशिक रोजगारीमा जाने पुरुषहरूको संख्या उच्च रहेको संकेत गर्दछ । नगरपालिकाको समग्र साक्षरता दर ८४.८ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो । कुल १७,६५० घरधुरी रहेको यस पालिकाको औसत परिवार आकार ४.०२ छ । वडा नं. ७ र ४ सबैभन्दा बढी जनसंख्या भएका वडाहरू हुन् भने वडा नं. ५ र ६ कम जनसंख्या भएका वडाहरू हुन्, जसले पूर्वाधार र सेवा प्रवाहको मागमा भिन्नता रहेको देखाउँछ । कृषि तथा पशुपालन यहाँको मुख्य पेशा हो, जसले आर्थिक विकासका नीतिहरू कृषि केन्द्रित हुनुपर्ने आवश्यकतालाई दर्शाउँछ । न्यून लैङ्गिक अनुपातले महिला-केन्द्रित आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रमहरूको आवश्यकतालाई थप जोड दिन्छ ।
- अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार, विश्वव्यापी आर्थिक अस्थिरता, संरक्षणवाद, र व्यापार तनावका कारण सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा २.८ प्रतिशतले मात्र विस्तार हुने अनुमान छ। विकसित अर्थतन्त्रको वृद्धिदर १.४ प्रतिशतमा सीमित हुनेछ भने उदीयमान तथा विकासशील एसियाको अर्थतन्त्र ४.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । दक्षिण एसियामा, नेपालको आर्थिक वृद्धिदर सन् २०२४ को ३.१ प्रतिशतबाट बढेर सन् २०२५ मा ४.० प्रतिशत पुग्ने अनुमान छ, जबकि भुटानको ७.० प्रतिशतसहित सबैभन्दा उच्च रहनेछ । छिमेकी चीनको अर्थतन्त्र ४.० प्रतिशतले विस्तार हुने अनुमान छ । नेपाल सरकारको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार, मुलुकको आर्थिक अवस्था सुधारोन्मुख छ । चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने र अर्थतन्त्रको



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कुल आकार रु. ६१ खर्ब ७ अर्ब पुग्ने अनुमान छ । यो वृद्धिमा कृषि, विद्युत, र यातायात क्षेत्रको विस्तारले मुख्य टेवा पुर्‍याएको छ । कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको प्रभुत्व (६२.०१%) कायमै छ भने कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत र उद्योग क्षेत्रको १२.८३ प्रतिशत रहने अनुमान छ । प्रदेशगत रूपमा, गण्डकी प्रदेशको वृद्धिदर सबैभन्दा बढी (५.५१%) र सुदूरपश्चिमको सबैभन्दा कम (३.३२%) रहने अनुमान छ, जबकि कोशी प्रदेशको वृद्धिदर ३.३६ प्रतिशत रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी (३६.५%) र कर्णालीको सबैभन्दा कम (४.२%) छ, जसले क्षेत्रीय आर्थिक विकासमा असमानता रहेको देखाउँछ ।

- नगरपालिकाको वित्तीय स्वास्थ्य बाह्य स्रोतमा अधिक निर्भर रहेको देखिन्छ । गत आ.व. २०८०/८१ को तुलनामा चालु आ.व. २०८१/८२ मा कुल अनुदान बजेट (संघीय र प्रदेश) करिब रु. ६.७३ करोडले घटेको छ । यद्यपि, बजेट घटे पनि चालु वर्षको पहिलो १० महिनामा नै गत वर्षको कुल १२ महिनाको प्राप्ति (रु. ६०.४९ करोड) भन्दा बढी (रु. ६०.७८ करोड) अनुदान प्राप्त भइसकेको छ, जसले अनुदान निकासा प्रभावकारी रहेको देखाउँछ । संघीय सरकारबाट प्राप्त हुने अनुदानको बजेट घटे पनि प्राप्ति दर (८७%) गत वर्षभन्दा निकै राम्रो छ । प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको बजेट रु. २.८९ करोडबाट बढेर रु. ४.३८ करोड पुगेको छ, जसले प्रदेशबाट वित्तीय स्रोत बढेको संकेत गर्दछ ।
- आन्तरिक आयतर्फ, चालु आ.व. को आय लक्ष्य (रु. २०.७५ करोड) गत वर्षको (रु. २५.६४ करोड) भन्दा कम छ । यद्यपि, १० महिनामा लक्ष्यको ७८.१५% (रु. १६.२२ करोड) संकलन भइसकेको छ, जुन सन्तोषजनक हो । 'सिफारिश दस्तुर र 'अन्य दस्तुर सबैभन्दा भरपर्दो आय स्रोतका रूपमा देखिएका छन् । चालु वर्ष 'बेरुजू असुलीमा अभूतपूर्व प्रगति भएको छ; रु. १ लाखको लक्ष्यमा रु. ४२.६७ लाख (४२६७%) असुल हुनुले वित्तीय अनुशासनमा सफलता मिलेको देखिन्छ । तर, दहत्तर-बहत्तर बिक्री जस्ता गत वर्षका महत्त्वपूर्ण आयस्रोतबाट यो वर्ष शून्य आय हुनु, र नक्सापास दस्तुरको लक्ष्य दोब्बर बनाइए पनि संकलन कमजोर हुनुले आयस्रोतमा अस्थिरता र चुनौती रहेको देखाउँछ ।
- खर्चतर्फ, चालु आ.व. २०८१/८२ मा कुल चालु बजेट गत वर्षको तुलनामा रु. ५



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

करोडले घटेको छ। १० महिनामा कुल बजेटको ५८.७३% मात्र खर्च हुनुले खर्चको गति सुस्त रहेको देखाउँछ। तर, कर्मचारी र पदाधिकारीको पारिश्रमिक बजेटमा उल्लेख्य वृद्धि भएको छ, जसले भविष्यमा प्रशासनिक खर्चको भार बढ्ने संकेत गर्छ ।

- पुँजीगत खर्चतर्फ, चालु आ.व. मा कुल बजेट रु. ६.४४ करोडले घटेको छ । खर्चको गति झनै सुस्त छ; १० महिनामा कुल बजेटको ४०.३१% मात्र खर्च भएको छ, जबकि गत वर्ष ६७.२३% खर्च भएको थियो । 'सडक तथा पूल निर्माण÷ जस्ता मुख्य पूर्वाधार शीर्षकमा १० महिनामा ४८% मात्र खर्च हुनुले विकास आयोजनाहरूको कार्यान्वयनमा ढिलाइ भएको स्पष्ट हुन्छ । समग्रमा, पुँजीगत खर्चमा देखिएको कमजोर प्रदर्शन नगरपालिकाको सबैभन्दा ठूलो चुनौती हो, जसले विकास लक्ष्य प्राप्तिमा बाधा पुर्‍याएको छ ।

आर्थिक विकास क्षेत्रको बजेट गत आ.व. को रु. ७.६ करोडबाट घटेर चालु आ.व. मा रु. ४.३८ करोडमा सीमित भएको छ, र १० महिनामा यसको ३३.४७% मात्र खर्च भएको छ ।

- कृषिः दुवै वर्ष प्राथमिकतामा परे पनि चालु वर्षको बजेट (रु. १.८२ करोड) गत वर्षको (रु. ४.०४ करोड) भन्दा आधाभन्दा बढीले कम छ । यद्यपि, १० महिनामा ६०.१९% खर्च हुनुले कार्यान्वयन पक्ष केही हदसम्म प्रभावकारी रहेको देखाउँछ ।
- जलश्रोत तथा सिंचाईः बजेट गत वर्षको रु. ५.५ लाखबाट दश गुणाले बढेर रु. ५५.५ लाख पुगे पनि १० महिनामा जम्मा १.२३% मात्र खर्च हुनुले कार्यान्वयनमा गम्भीर कमजोरी रहेको देखाउँछ ।
- पर्यटनः बजेट र खर्च दुवैमा भारी गिरावट आएको छ । १० महिनामा जम्मा ५.४४% मात्र खर्च हुनुले यो क्षेत्र उपेक्षामा परेको स्पष्ट हुन्छ ।
- शून्य खर्च भएका उप-क्षेत्रहरूः सहकारी, वाणिज्य, र आपूर्ति जस्ता उप-क्षेत्रहरूमा १० महिनासम्म कुनै खर्च हुन सकेको छैन, जसले बजेट कार्यान्वयन क्षमतामा गम्भीर प्रश्न उठाउँछ ।

सामाजिक विकास क्षेत्रको कुल बजेट गत वर्षको रु. ४०.९ करोडबाट घटेर रु. ३०.९ करोडमा झरेको छ । १० महिनामा ५९.४२% खर्च हुनुले कार्यान्वयन सन्तोषजनक देखिन्छ ।

- शिक्षाः यो क्षेत्रले बजेटको सबैभन्दा ठूलो हिस्सा (रु. २२.५४ करोड) ओगटेको छ र १० महिनामा ६४.३४% खर्च हुनुले कार्यान्वयन पक्ष बलियो रहेको देखाउँछ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- स्वास्थ्य र सामाजिक सुरक्षाः यी दुई उप-क्षेत्रको बजेटमा भारी कटौती भएको छ । विशेषगरी सामाजिक सुरक्षाको बजेट रु. ७ करोडबाट घटेर रु. १ करोडमा सीमित भएको छ, जसले प्राथमिकतामा परिवर्तन भएको संकेत गर्छ ।
- नयाँ उप-क्षेत्रहरूः 'खानेपानी तथा सरसफाई÷ र 'जनसंख्या तथा बसाईसराई÷ जस्ता नयाँ क्षेत्र थपिएका छन्, जसमा क्रमशः २४.३३% र ५०.१७% को मध्यम शुरुवात भएको छ ।

पूर्वाधार क्षेत्रको बजेट सामान्य वृद्धि भई रु. ५४.७७ करोड पुगे पनि खर्चको गति (४२.४८%) सुस्त छ ।

- यातयात पूर्वाधारः बजेट दोब्बरभन्दा बढीले बढेर रु. ३८.८८ करोड पुगेको छ, जसले यो क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको देखाउँछ । तर, खर्चको गति (४९.७४%) बजेट वृद्धिको अनुपातमा कमजोर छ ।
- भवन, आवास तथा सहरी विकासः यस क्षेत्रको बजेट गत वर्षको रु. ३३ करोडबाट घटेर रु. ७.२५ करोडमा झारिएको छ, जसले प्राथमिकता यातायाततर्फ सरेको पुष्टि गर्छ।
- सम्पदा र पुनर्निर्माणः बजेट बढाइए पनि कार्यान्वयन अत्यन्त सुस्त छ; १० महिनामा सम्पदा पूर्वाधारमा २१.६४% र पुनर्निर्माणमा जम्मा ९.१७% मात्र खर्च भएको छ 53 ।
- वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र गम्भीर उपेक्षामा परेको छ । वातावरण तथा जलवायुको बजेट ९०% भन्दा बढीले घटाइएको छ र विपद व्यवस्थापनको बजेट आधाले घटाइएको छ। दुवै उप-क्षेत्रमा १० महिनाको अवधिमा खर्च शून्य (०%) छ, जसले, विशेषगरी मनसुन नजिकिँदै गर्दा, पालिकाको विपद तयारी क्षमतामा गम्भीर प्रश्न खडा गर्छ।
- उर्लाबारीको अर्थतन्त्र कृषिमा आधारित छ, जहाँ गत वर्ष ४०,३५८ मेट्रिक टन खाद्यान्न बाली उत्पादन भएको थियो । नगरपालिकाले सिंचाईका लागि १४४ थान मोटर/बोरिङ सेट वितरण गरी १५० हेक्टर जमिन सिञ्चित गरेको छ। पूर्वाधारतर्फ, गत आ.व. मा ३.८४ कि.मि. सडक कालोपत्रे र १६.१० कि.मि. ग्राभेल गरिएको थियो । चालु आ.व. को चैत्र मसान्तसम्म थप ८.८६ कि.मि. कालोपत्रे भएको छ । लघु उद्यम प्रवर्द्धनका लागि सिलाइकटाइ, ब्युटिपार्लर, ढाका बुनाई जस्ता तालिमबाट सयौं महिला लाभान्वित भएका छन् र एक सेनेटरी प्याड उद्योग स्थापना भएको छ । श्रम तथा



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

रोजगारीतर्फ, प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी प्रदान गरिएको छ र वैदेशिक रोजगारीमा जानेहरूलाई सहजीकरण गरिएको छ। गत वर्ष ४९४ नयाँ व्यवसाय दर्ता भएका छन्। यद्यपि, उत्पादित वस्तुको बजारीकरणमा समस्या, कृषिमा युवा जनशक्तिको पलायन, र स्थानीय स्तरमा रोजगारदाताको अभाव प्रमुख चुनौती हुन्।

- संस्थागत क्षमता विकासमा नगरपालिकाले उत्कृष्ट नतिजा हासिल गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) मा ८०.७५ अंक र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ८४.५० अंक प्राप्त गरी मोरङ जिल्लामै उत्कृष्ट बनेको छ। नगरपालिकाले कार्य सञ्चालनका लागि १३३ वटा स्थानीय ऐन, नियम, तथा कार्यविधिहरू निर्माण गरेको छ । सामाजिक परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ र त्रैमासिक रूपमा काम कारबाहीको विवरण वेबसाइटमार्फत प्रकाशन गर्रिंदै आएको छ। तथापि, महालेखा परीक्षकको प्रतिवेदनले आ.व. २०८०/८१ मा रु. १ करोड ६५ लाखको बेरुजु औंल्याएको छ, जसले वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीमा कमजोरी रहेको देखाउँछ । स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति हुन नसक्नु, विशेषगरी प्राविधिक शाखाहरूमा, अर्को गम्भीर चुनौती हो।

## उर्लाबारी नगरपालिकाको परिचय

### भौगोलिक र प्रशासनिक परिचय:

उर्लाबारी नगरपालिका नेपालको कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लामा अवस्थित एक महत्वपूर्ण सहरोन्मुख नगरपालिका हो। साविकका मधुमल्ला, राजघाट र उर्लाबारी नगरपालिकालाई समेटेर २०७३ सालमा पुनर्संरचना गरिएको यो नगरपालिका कुल ९ वटा वडाहरूमा विभाजित छ । यसको कुल क्षेत्रफल ७४.६२ वर्ग किलोमिटर रहेको छ। भौगोलिक रूपमा यो नगरपालिका पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिममा पथरी शनिश्चरे र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग जोडिएको छ । तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको जलवायु उष्ण मनसुनी प्रकारको छ र समुद्री सतहबाट औसत उचाइ ११६ मिटरदेखि १६४ मिटरको बीचमा रहेको छ ।

जनसांख्यिकीय स्थिति:

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार, उर्लाबारी नगरपालिकाको कुल जनसंख्या ७०,५०८ रहेको छ, जसमा महिलाको संख्या ३७,५५२ र पुरुषको संख्या ३३,३५६ छ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

यहाँ कुल १७,६५० घरधुरी रहेका छन् र औसत परिवारको आकार ४.०२ छ। नगरपालिकाको समग्र लैङ्गिक अनुपात प्रति १०० महिलामा ८८.८३ पुरुष रहेको छ, जसले पुरुषको तुलनामा महिलाको जनसंख्या बढी भएको देखाउँछ। यो तथ्याङ्कले वैदेशिक रोजगारीमा जाने पुरुषहरूको संख्या उच्च रहेको संकेत गर्दछ। नगरपालिकाको समग्र साक्षरता दर ८४.८ प्रतिशत छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो र यसले शैक्षिक विकासका लागि सकारात्मक आधार प्रस्तुत गर्दछ । कृषि तथा पशुपालन यहाँको मुख्य पेशाको रूपमा रहेको छ, जसले आर्थिक विकासका नीतिहरू कृषि केन्द्रित हुनुपर्ने आवश्यकतालाई दर्शाउँछ ।

**तालिका नं १: - उर्लाबारी नगरपालिकाको वडागत जनसंख्या तथा घरधुरी विवरण (राष्ट्रिय जनगणना २०७८ अनुसार)**

| वडा नं. | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | औसत घरधुरी आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २१९० | ८८०४ | ४१६१ | ४६४३ | ४.०२ | ८९.६२ |
| २ | २१०१ | ८४१३ | ३९५५ | ४४५८ | ४.०० | ८८.७२ |
| ३ | १९०२ | ७३०२ | ३४८६ | ३८१६ | ३.८४ | ९१.३५ |
| ४ | २४४८ | ९७९० | ४६२१ | ५१६९ | ४.०० | ८९.४० |
| ५ | १३९० | ५५३५ | २५६६ | २९६९ | ३.९८ | ८६.४३ |
| ६ | १४४० | ५६७० | २६४९ | ३०२१ | ३.९४ | ८७.६९ |
| ७ | २६०० | १०७१९ | ५०६८ | ५६५१ | ४.१२ | ८९.६८ |
| ८ | १९५५ | ७८५१ | ३६३९ | ४२१२ | ४.०२ | ८६.४० |
| ९ | १६२४ | ६८२४ | ३२११ | ३६१३ | ४.२० | ८८.८७ |



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| जम्मा | १७६५० | ७०९०८ | ३३३५६ | ३७५५२ | ४.०२ | ८८.८३ |
|---|---|---|---|---|---|---|

स्रोतः उ.न.पा.को बार्षिक निती तथा कार्यक्रम

यो जनसांख्यिकीय आधारले नगरपालिकाको सेवा प्रवाह र स्रोत बाँडफाँडका लागि महत्वपूर्ण पृष्ठभूमि प्रदान गर्दछ। वडा नं. ७ र ४ जस्ता बढी जनसंख्या भएका वडाहरूमा पूर्वाधार र सामाजिक सेवाको माग बढी हुने देखिन्छ भने वडा नं. ५ र ६ जस्ता कम जनसंख्या भएका वडाहरूमा स्रोतको समानुपातिक वितरण सुनिश्चित गर्नु एक चुनौती हुन सक्छ। न्यून लैङ्गिक अनुपातले महिला-केन्द्रित आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रमहरूको आवश्यकतालाई थप जोड दिन्छ।

## क) विश्व अर्थतन्त्र

विश्व आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरता र अनिश्चितताका कारण आर्थिक गतिविधिमा सुस्तता आएको छ, जसले गर्दा सन् २०२५ मा विश्व अर्थतन्त्रको वृद्धिदर कम हुने अनुमान छ । विश्व अर्थतन्त्रमा संरक्षणवादतर्फको झुकाव, ठूला अर्थतन्त्रहरूबीच एकआपसमा भन्सार दर बढाउने होडबाजी, विश्व व्यापारमा तनाव, न्यून लगानी र उच्च सार्वजनिक ऋणजस्ता कारणले विश्वव्यापी आपूर्ति श्रृङ्खलामा अवरोध उत्पन्न भएको छ । यी कारणहरूले विश्वको आर्थिक वृद्धिदरमा प्रत्यक्ष प्रभाव पार्ने अनुमान गरिएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार, सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा २.८ प्रतिशतले मात्र विस्तार हुनेछ । विकसित अर्थतन्त्रहरूको वृद्धिदर सन् २०२४ को १.८ प्रतिशतबाट घटेर सन् २०२५ मा १.४ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । उदीयमान तथा विकासशील मुलुकहरूको अर्थतन्त्र पनि सन् २०२५ मा ३.७ प्रतिशतले विस्तार हुने अनुमान छ । अन्य क्षेत्रको तुलनामा उदीयमान तथा विकासशील एसियाको अर्थतन्त्र भने उच्च दरमा विस्तार हुँदै सन् २०२५ मा ४.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने प्रक्षेपण गरिएको छ ।

दक्षिण एसियाली क्षेत्रमा, आर्थिक वृद्धिदर सन् २०२५ मा मिश्रित रहने देखिन्छ । नेपाल, भुटान र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने अनुमान छ भने अन्य मुलुकहरूको वृद्धिदर घट्ने प्रक्षेपण गरिएको छ । नेपालको आर्थिक वृद्धिदर सन् २०२४ को ३.१ प्रतिशतबाट बढेर सन् २०२५ मा ४.० प्रतिशत पुग्ने अनुमान छ । दक्षिण एसियाली मुलुकहरूमध्ये भुटानको आर्थिक



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

वृद्धिदर ७.० प्रतिशतसहित सबैभन्दा उच्च रहने प्रक्षेपण छ । छिमेकी मुलुक चीनको अर्थतन्त्र भने सन् २०२४ को ५.० प्रतिशतको तुलनामा सन् २०२५ मा ४.० प्रतिशतले विस्तार हुने अनुमान छ ।

विश्वव्यापी रूपमा मुद्रास्फीति घट्दो क्रममा रहेको छ, जसले सन् २०२५ मा समग्र मूल्यस्तरमा कम चाप पर्ने देखिन्छ । विकसित अर्थतन्त्रहरूमा मुद्रास्फीति २.५ प्रतिशत रहने अनुमान छ भने उदीयमान तथा विकासशील अर्थतन्त्रहरूमा यो दर ५.५ प्रतिशतमा झर्ने प्रक्षेपण गरिएको छ । पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटले पनि मूल्यस्तर घटाउन मद्दत पुग्ने अनुमान छ । तर, ठूला अर्थतन्त्रहरूबीचको व्यापार युद्धका कारण आयातीत वस्तुको मूल्य बढ्न सक्ने जोखिम भने कायमै छ । चालु खाता सन्तुलनको सन्दर्भमा, नेपालबाहेक दक्षिण एसियाका अन्य मुलुकहरूको खाता घाटामा रहने प्रक्षेपण छ, जबकि नेपालको चालु खाता कुल गार्हस्थ्य उत्पादनको ०.७ प्रतिशतले बचतमा रहने अनुमान गरिएको छ ।

### ख) नेपालको आर्थिक वृद्धि

नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा प्रकाशित "आर्थिक सर्वेक्षण २०८१/८२" ले मुलुकको आर्थिक अवस्था क्रमशः सुधारोन्मुख रहेको देखाएको छ। कृषि, उद्योग तथा सेवा क्षेत्रका उत्पादनमा भएको विस्तारसँगै आर्थिक क्रियाकलाप गतिशील बन्दै गएको छ। विश्वव्यापी आर्थिक परिदृश्यमा देखिएका चुनौतीका बाबजुद, नेपालको अर्थतन्त्रले चालु आर्थिक वर्षमा मध्यम दरको विस्तार हासिल गर्ने अनुमान गरिएको छ। सर्वेक्षणले आर्थिक वृद्धिका संवाहक क्षेत्रहरूमा भएको प्रगति, क्षेत्रगत योगदानको बदलिँदो संरचना, र प्रदेशगत आर्थिक वृद्धिको स्थितिलाई विस्तृत रूपमा विश्लेषण गरेको छ, जसले नेपालको अर्थतन्त्रको समग्र चित्रलाई स्पष्ट पार्दछ।

चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ४.६१ प्रतिशत रहने अनुमान छ । यो वृद्धिदर गत आर्थिक वर्ष २०८०/८१ को ३.६७ प्रतिशतको तुलनामा उल्लेखनीय सुधार हो । यस वृद्धिसँगै नेपालको अर्थतन्त्रको कुल आकार (प्रचलित मूल्यमा) रु. ६१ खर्ब ७ अर्ब पुग्ने अनुमान गरिएको छ । आर्थिक वृद्धिमा मुख्यतया कृषि, विद्युत तथा ग्यास, र यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको विस्तारले टेवा पुर्‍याएको छ । आधारभूत मूल्यमा चालु आर्थिक वर्ष मुलुकको अर्थतन्त्र ३.९९ प्रतिशतले विस्तार हुने



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुमान छ, जुन गत आर्थिक वर्ष ३.३६ प्रतिशत रहेको थियो । यो सुधारले आर्थिक गतिविधिमा बढोत्तरी भएको र व्यावसायिक वातावरणमा क्रमशः सुधार आएको संकेत गर्दछ।

आर्थिक वृद्धिको क्षेत्रगत विश्लेषण गर्दा कृषि र गैर-कृषि दुवै क्षेत्रको उत्पादनमा बढोत्तरी भएको छ। चालु आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) ३.२८ प्रतिशतले र गैर-कृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ । गत आर्थिक वर्ष यी क्षेत्रहरूको वृद्धिदर क्रमशः ३.३५ प्रतिशत र ३.३६ प्रतिशत रहेको थियो । मौसमी अनुकूलता, प्रविधिको प्रयोग र उन्नत बीउबिजनको उपलब्धताले धान लगायतका बालीहरूको उत्पादन बढ्दा कृषि क्षेत्रले सकारात्मक वृद्धि हासिल गरेको हो । यद्यपि, फलफूल तथा केही हिउँदे बालीको उत्पादनमा सीमान्त वृद्धि भएकाले समग्र कृषि क्षेत्रको मूल्य अभिवृद्धि गत वर्षको तुलनामा केही न्यून दरमा बढेको छ । अर्कोतर्फ, विद्युत, ग्यास, वित्तीय तथा बीमा जस्ता क्षेत्रको उच्च मूल्य अभिवृद्धिका कारण गैर-कृषि क्षेत्रको वृद्धिदरले समग्र आर्थिक वृद्धिलाई गति प्रदान गरेको छ ।

कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानको संरचना हेर्दा, सेवा क्षेत्रको प्रभुत्व कायमै रहेको छ भने कृषि क्षेत्रको योगदान पनि महत्वपूर्ण छ। चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योग क्षेत्रको १२.८३ प्रतिशत र सेवा क्षेत्रको ६२.०१ प्रतिशत रहने अनुमान छ । विगतका वर्षहरूमा घट्दै गएको कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० देखि पुनः बढ्न थालेको छ, जसले अर्थतन्त्रको संरचनामा आएको परिवर्तनलाई संकेत गर्दछ । उद्योग क्षेत्रभित्रका विभिन्न उप-क्षेत्रहरूको प्रदर्शन मिश्रित तर सुधारोन्मुख छ। विगत दुई आर्थिक वर्षमा ऋणात्मक रहेको उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्षमा ३.७८ प्रतिशतले धनात्मक रहने अनुमान छ । त्यसैगरी, निर्माण क्षेत्रको वृद्धिदर पनि दुई वर्ष ऋणात्मक रहेपछि चालु आर्थिक वर्षमा २.२१ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । जलविद्युत उत्पादनमा भएको उल्लेखनीय वृद्धिका कारण विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्षमा १३.८२ प्रतिशतले बढ्ने अनुमान छ, जुन आर्थिक वृद्धिको प्रमुख संवाहक बनेको छ ।

प्रदेशगत रूपमा आर्थिक वृद्धिको वितरण असमान रहेको छ, जसले क्षेत्रीय आर्थिक विकासमा भिन्नता रहेको देखाउँछ। चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.५१ प्रतिशत रहने अनुमान छ भने सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम ३.३२ प्रतिशत रहने



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुमान गरिएको छ । अन्य प्रदेशहरूमा कोशी प्रदेशको ३.३६ प्रतिशत, मधेश प्रदेशको ४.५० प्रतिशत, बागमती प्रदेशको ५.१८ प्रतिशत, लुम्बिनी प्रदेशको ४.७० प्रतिशत र कर्णाली प्रदेशको ४.७४ प्रतिशत आर्थिक वृद्धिदर रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान हेर्दा बागमती प्रदेशले सबैभन्दा बढी ३६.५ प्रतिशत हिस्सा ओगटेको छ भने कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ४.२ प्रतिशत रहेको छ । यसले आर्थिक गतिविधि र विकासको अधिकांश हिस्सा बागमती प्रदेशमा केन्द्रित रहेको र अन्य प्रदेशहरू, विशेषगरी कर्णाली र सुदूरपश्चिम, आर्थिक विकासमा पछि रहेको देखाउँछ।

समग्रमा, आर्थिक सर्वेक्षण २०८१/८२ ले नेपालको अर्थतन्त्र पुनरुत्थानको बाटोमा रहेको देखाउँछ। ४.६१ प्रतिशतको अनुमानित आर्थिक वृद्धिदरले गत वर्षको तुलनामा सुधार भएको छ, जसको मुख्य श्रेय गैर-कृषि क्षेत्र, विशेषगरी ऊर्जा र सेवा क्षेत्रलाई जान्छ। यद्यपि, कृषि क्षेत्रको स्थिर वृद्धि र यसको कुल गार्हस्थ्य उत्पादनमा बढेको योगदानले अर्थतन्त्रको आधार अझै पनि कृषिमा निर्भर रहेको स्पष्ट पार्छ। उत्पादनमूलक र निर्माण जस्ता महत्वपूर्ण औद्योगिक उप-क्षेत्रहरू ऋणात्मक वृद्धिबाट माथि उठेर सकारात्मक बाटोमा लाग्नुले भविष्यका लागि आशा जगाएको छ। तर, प्रदेशहरूबीचको आर्थिक वृद्धिको असमानताले सन्तुलित क्षेत्रीय विकासलाई नीतिगत प्राथमिकतामा राख्नुपर्ने आवश्यकतालाई उजागर गरेको छ।

### ग) तालिका नं २ : - चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षको चालु खर्च

| क्र.सं. | खर्च शीर्षक | गत आ.व. २०८०/८१ को बजेट (रु.) | गत आ.व. २०८०/८१ को खर्च (रु.) | चालु आ.व. २०८१/८२ को बजेट (रु.) | चालु आ.व. २०८१/८२ को १० महिनाको खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | कुल चालु खर्च | ५६,९१,५५,७१९.०० | ४६,६३,४२,०१२.१८ | ५१,९२,७९,४४३.०० | ३०,४९,७९,३०२.६२ |
| २ | पारिश्रमिक कर्मचारी | ७,४०,९४,३३०.०० | ५,६७,७८,८६३.१० | २०,२१,६१,०००.०० | १४,०१,२३,४६५.६६ |
| ३ | पारिश्रमिक पदाधिकारी | ८४,३६,०००.०० | ८२,६८,०००.०० | ४,००,००,०००.०० | २,९७,१०,७४८.५२ |
| ४ | पोशाक | १५,८२,५००.०० | ९,५९,९९५.०० | २०,६२,०००.०० | १७,६०,०००.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | औषधीउपचार खर्च | १२,००,०००.०० | ३,००,०००.०० | १,५५,०००.०० | ३१,०००.०० |
| ६ | महंगी भत्ता | ३३,५१,६००.०० | १३,१९,०००.६७ | ३५,८४,०००.०० | १५,६६,०००.०० |
| ७ | अन्य भत्ता | ५३,३३,०००.०० | ४७,७४,३७२.३३ | ६८,३५,०००.०० | ४५,६८,५००.०० |
| ८ | पानी तथा बिजुली | २७,०४,८१३.०० | २६,९७,२३४.०० | ५७,००,०००.०० | ४२,७४,७८१.५८ |
| ९ | संचार महसुल | २३,९०,०००.०० | १५,४४,१६८.०० | १४,८०,०००.०० | ९,१२,७४३.०० |
| १० | इन्धन (पदाधिकारी) | १२,६९,३००.०० | १२,६९,३००.०० | १८,६०,०००.०० | ८,४०,१२१.६३ |
| ११ | इन्धन (कार्यालय प्रयोजन) | २०,३४,३००.०० | १८,३४,९५१.०० | १९,७०,०००.०० | १८,५५,०६९.०० |
| १२ | सवारी साधन मर्मत खर्च | ३६,३०,४००.०० | ३६,२९,५३७.०० | ४४,७४,४८६.०० | २८,७०,९९५.०० |
| १३ | मेशिनरी तथा औजार मर्मत सम्भार | २५,९६,८००.०० | २१,७५,५६७.०० | २३,६८,३१०.०० | १५,३१,४३०.०० |
| १४ | मसलन्द तथा कार्यालय सामाग्री | ६९,७९,४००.०० | ६८,८६,२३१.०० | ७०,५०,०००.०० | २२,५७,४४६.०० |
| १५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | ५६,११,८००.०० | ५४,६३,४४०.०० | ५१,१८,२९६.०० | ३३,३१,४२३.०० |
| १६ | करार सेवा शुल्क | ३,५०,२०,०००.०० | २,९१,९८,९७३.६० | २,५९,००,०००.०० | १,९१,९८,६५८.३८ |
| १७ | सीप विकास तथा जनचेतना | ९०,४४,०००.०० | ७२,०७,०४७.०० | ६८,३८,९७६.०० | १०,९५,३००.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | तालिम | | | | |
| १८ | कार्यक्रम खर्च | १७,०१,७७,४५३.०० | १२,४२,५३,४९३.८० | १६,३९,५१,६७७.०० | ६,९३,६५,३२४.९८ |
| १९ | विविध खर्च | ४३,६७,०००.०० | २९,५९,१३९.०० | ३८,४४,०००.०० | २१,३६,४०९.०० |
| २० | शैक्षिक संस्थाहरूलाई सहायता | १७,५८,३०,०००.०० | १६,२७,८५,५८८.२० | ४,००,०००.०० | ० |
| २१ | औषधीखरिद खर्च | ७४,००,०००.०० | ६९,५४,४०९.०० | १६,३४,०००.०० | ९,५५,०००.०० |
| २२ | घरभाडा | ८,००,०००.०० | ५,४२,५४६.०० | ३,००,०००.०० | १,५०,६१०.०० |

श्रोत :- उर्लाबारी नगरपालिकाको चालु आ.ब.को पछिल्लो १० महिना र अगिल्लो आ.ब.को चालु खर्चको प्रतिवेदन

माथि प्रस्तुत तालिकाको आधारमा उर्लाबारी नगरपालिकाको गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको १० चालु खर्चको प्रवृत्ति र अवस्थालाई निम्न बुँदाहरूमा विश्लेषण गर्न सकिन्छ:

**१. समग्र चालु बजेट र खर्च:**

- गत आ.व. २०८०/८१ को तुलनामा चालु आ.व. २०८१/८२ मा कुल चालु बजेट रु.५ करोडले घटेको देखिन्छ (रु. ५६.९१ करोडबाट रु. ५१.९२ करोडमा)।
- गत वर्ष कुल बजेटको ८१.९४% खर्च भएको थियो। चालु वर्षको पहिलो १० महिनामा (अवधिको लगभग ८३%) कुल बजेटको ५८.७३% मात्र खर्च भएको छ, जसले खर्चको गति अलि सुस्त रहेको संकेत गर्दछ।

**२. पारिश्रमिक र भत्ता:**

- **कर्मचारी पारिश्रमिक:** यो शीर्षकमा बजेटमा उल्लेख्य वृद्धि भएको छ। गत वर्षको रु. ७.४० करोडको बजेटको तुलनामा यो वर्ष रु. २०.२१ करोड पुगेको छ। यो वृद्धि तलब भत्ताको वृद्धि र ग्रेड समायोजन वा नयाँ दरबन्दीमा नयाँ कर्मचारीहरु पदस्थापन भएका कारणले भएको हो।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- **पदाधिकारी पारिश्रमिक:** पदाधिकारीको पारिश्रमिक बजेट पनि गत वर्षको रु. ८४.३६ लाखबाट बढेर रु. ४ करोड पुगेको छ, जुन एक ठूलो वृद्धि हो ।

- **अन्य भत्ता:** अन्य भत्ता शीर्षकको बजेट रु. ५३.३३ लाखबाट बढेर रु. ६८.३५ लाख पुगेको छ ।

३. **कार्यालय सञ्चालन खर्च:**

- **इन्धन:** पदाधिकारी इन्धनको बजेट सामान्य बढेको छ भने कार्यालय प्रयोजनको इन्धन खर्च लगभग स्थिर छ । चालु वर्षको १० महिनामा कार्यालय प्रयोजनको इन्धन खर्च ९४.१७% भइसकेकोले वर्षान्तमा बजेट अपुग हुन सक्ने देखिन्छ।

- **मसलन्द तथा कार्यालय सामाग्री:** बजेट लगभग उस्तै रहे पनि चालु वर्षको खर्चको गति (१० महिनामा ३२.०२%) निकै सुस्त देखिन्छ ।

४. **कार्यक्रम र सेवा खर्च:**

- **कार्यक्रम खर्च:** गत वर्षको रु. १७.०१ करोडको तुलनामा चालु वर्षमा बजेट केही घटेर रु. १६.३९ करोड रहेको छ । तर १० महिनामा जम्मा ४२.३१% मात्र खर्च भएकोले कार्यक्रम कार्यान्वयन सुस्त रहेको देखिन्छ।

- **करार सेवा शुल्क:** यस शीर्षकको बजेट रु. ३.५० करोडबाट घटेर रु. २.५९ करोडमा झरेको छ ।

**घ) तालिका नं २ :- चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षको पुजिगत खर्च**

| क.सं. | खर्च शीर्षक | गत आ.व. २०८०/८१ (१२ महिना) को बजेट (रु.) | गत आ.व. २०८०/८१ (१२ महिना) को खर्च (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को बजेट (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | कुल पुंजीगत खर्च | ६६,४१,४३,२८३.०० | ४४,६५,०७,९९८.५५ | ५९,९७,०६,१५३.०० | २४,१७,३६,०९३.४८ |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ३१११३<br>आवासीय भवन निर्माण/खरिद | ८९,००,०००.०० | २१,७५,१७१.०० | ६८,००,०००.०० | ५०,२९,६७४.०० |
| ३ | ३१११२<br>गैर आवासीय भवन निर्माण/खरिद | ४,३९,१४,७६१.०० | ३,२३,६६,२९२.०० | ५,३४,७७,६६५.०० | १,८४,३७,९४८.०० |
| ४ | ३१११३<br>निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७१,८२,२७३.०० | ६५,७२,६२९.०० | १,०३,३६,२०९.०० | ६,८२,५००.०० |
| ५ | ३११२१<br>सवारी साधन | ५४,००,०००.०० | ११,१६,०००.०० | ६,००,०००.०० | ६,००,०००.०० |
| ६ | ३११२२<br>मेशिनरी तथा औजार | १,४९,४५,७५०.०० | १,३३,७१,४७९.०० | ८७,७१,०००.०० | ३५,५२,५६८.०० |
| ७ | ३११२३<br>फर्निचर तथा फिक्चर्स | ६६,९०,०००.०० | ६६,३८,७६८.०० | १४,००,०००.०० | २,४८,९५६.०० |
| ८ | ३११३५<br>पूँजीगत परामर्श खर्च | ४०,००,०००.०० | ४०,००,०००.०० | १,५१,६३,१५५.०० | ८०,६२,७४३.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ३११५१ सडक तथा पूल निर्माण | ४४,५०,६१,९७५.०० | २९,६९,१८,७५६.०० | ३६,८७,९०,३५०.५८ | १७,७१,९२,३१८.०० |
| १० | ३११५३ विद्युत संरचना निर्माण | ८०,४२,७३७.०० | ७२,०७,२३९.५५ | १८,००,०००.०० | १५,६७,४१९.४८ |
| ११ | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४३,५४,७२४.०० | ३१,८८,४०९.०० | १,०८,३५,०१८.०० | ९९,९९९.०० |
| १२ | ३११५५ सिंचाई संरचना निर्माण | १५,५०,०००.०० | १५,२७,३६९.०० | ३२,९०,०००.०० | ६८,२३६.०० |
| १३ | ३११५६ खानेपानी संरचना निर्माण | १२,७६,०००.०० | ५८,१६,२२०.०० | १२,००,०००.०० | १,९५,०००.०० |
| १४ | ३११५९ अन्य सार्वजनिक निर्माण | ६१,००,०००.०० | ३,२६,३८,९९३.०० | १०,०२,८७,५८५.३२ | २,२९,०९,६०४.०० |
| १५ | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | २,३२,००,०००.०० | १,३१,६५,९०४.०० | ५,००,०००.०० | ० |
| १६ | ३१११४ जग्गा | - | - | ३५,००,०००.०० | ० |



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास कार्य | | | | |
| १७ | ३१५११ भैपरी आउने पूँजीगत | - | - | २०,००,०००.०० | ० |

माथिको तालिकाको आधारमा, नगरपालिकाको गत आर्थिक वर्ष (१२ महिना) र चालु आर्थिक वर्षको पहिलो १० महिनाको पुँजीगत खर्चको विश्लेषण निम्न अनुसार छः

**१. समग्र पुँजीगत बजेट र खर्चको प्रवृत्तिः**

- **बजेटः** गत आ.व. २०८०/८१ को तुलनामा चालु आ.व. २०८१/८२ मा कुल पुँजीगत बजेट रु. ६.४४ करोडले घटेको छ (रु. ६६.४१ करोडबाट रु. ५९.९७ करोडमा)।
- **खर्चको गतिः** गत आ.व. को १२ महिनामा कुल बजेटको ६७.२३% खर्च भएको थियो। चालु आ.व. को १० महिना (अवधिको ८३%) मा कुल बजेटको ४०.३१% मात्र खर्च भएको छ। यसले पुँजीगत आयोजनाहरूको कार्यान्वयन गति गत वर्षको तुलनामा निकै सुस्त रहेको देखाउँछ।

**२. प्रमुख क्षेत्रगत विश्लेषणः**

- **सडक तथा पूर्वाधार निर्माणः**
  - 'सडक तथा पूल निर्माण' शीर्षकको बजेट गत वर्षको रु. ४४.५० करोडबाट घटेर चालु वर्षमा रु. ३६.८७ करोडमा झरेको छ। यो शीर्षकमा १० महिनामा ४८% मात्र खर्च हुनुले मुख्य पूर्वाधार निर्माणको गति धीमा रहेको स्पष्ट हुन्छ।
  - 'अन्य सार्वजनिक निर्माण' को बजेट गत वर्षको रु. ६१ लाखबाट भारी वृद्धि भई रु. १०.०२ करोड पुगेको छ। गत वर्ष यस शीर्षकमा बजेटभन्दा ५ गुणा बढी खर्च भएको देखिन्छ, जसलाई समायोजन गर्न यो वर्ष बजेट बढाइएको हो।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- 'विद्युत संरचना निर्माण' को बजेट रु. ८०.४२ लाखबाट घटेर रु. १८ लाखमा सीमित भएको छ, तर १० महिनामा नै यसको ८७% रकम खर्च भइसकेको छ ।

- **भवन निर्माण:**
  - 'गैर आवासीय भवन निर्माण' को बजेट रु. ४.३९ करोडबाट बढेर रु. ५.३४ करोड पुगेको छ, तर खर्चको गति (३४.४७%) भने सुस्त छ ।
  - 'आवासीय भवन निर्माण' को बजेट घटेको छ तर खर्च प्रतिशत (७३.९७%) भने सन्तोषजनक देखिन्छ ।

- **सम्पत्ति खरिद तथा मर्मत:**
  - 'सवारी साधन' खरिदको बजेट गत वर्षको रु. ५४ लाखको तुलनामा यो वर्ष रु. ६ लाख मात्र छ, जुन १० महिनामै पूर्ण रूपमा खर्च भइसकेको छ ।
  - 'मेशिनरी तथा औजार' र 'फर्निचर' को बजेट र खर्च दुवैमा गत वर्षको तुलनामा कमी आएको छ ।

**ङ) तालिका नं ३ :- चालु आर्थिक बर्षको १० महिनाको र गत आर्थिको बर्षको आन्तरिक आय**

| क्र.सं. | आय शीर्षक | गत आ.व. २०८०/८१ (१२ महिना) को लक्ष्य (रु.) | गत आ.व. २०८०/८१ (१२ महिना) को वास्तविक आय (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को लक्ष्य (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को वास्तविक आय (रु.) |
|---|---|---|---|---|---|
| | कुल आन्तरिक श्रोत | २५,६४,००,६४२.०० | २३,३७,२०,१०६.२६ | २०,७५,५८,०९६.०० | १६,२२,११,१६७.३२ |
| कर | | | | | |
| १ | ११३१३ सम्पती कर | ४९,००,०००.०० | ५७,५१,४८१.३७ | ६५,००,०००.०० | ७५,०५,९०९.२३ |



जलेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वरी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ११३१४ भुमिकर / मालपोत | ९७,००,०००.०० | ५८,६२,१२३.३९ | १,०६,७०,०००.०० | ६५,१४,९१४.५७ |
| ३ | ११३१७ वहाल कर | ५७,००,०००.०० | ६७,३४,५३३.०१ | १,००,००,०००.०० | ४९,५१,१४९.५० |
| ४ | ११३१८ वहाल बिटौरी कर | १९,००,०००.०० | ८,८०,९८५.१० | २०,००,०००.०० | २२,४६,२४१.७३ |
| ५ | ११४५१ सवारी साधन कर | १,६६,०००.०० | १,१३,७००.०० | १,००,०००.०० | ३,२३,७२७.०० |
| ६ | ११४७९ अन्य मनोरञ्जन कर | १९,०००.०० | ४७,५००.०० | १,३०,०००.०० | २७,०००.०० |
| ७ | ११६९१ अन्य कर | १५,०००.०० | ५,२७,३५५.०० | ५,००,०००.०० | ८,५८,९००.०० |
| ८ | १४६११ व्यवसाय कर | ९२,००,०००.०० | १,०१,५९,१६५.४० | १,००,००,०००.०० | ६८,५२,४९०.०० |
| ९ | ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २७,००,०००.०० | ० | २५,००,०००.०० | १,२२,६१६.०० |
| १० | ११६३१ कृषि तथा पशुजन्य | - | - | १,००,०००.०० | ० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यावसायिक कर | | | | |
| गैर-कर (सेवा शुल्क तथा दस्तुर) | | | | | |
| ११ | १४२४२ नक्सापास दस्तुर | ४९,००,०००.०० | ४३,२५,४२६.३९ | १,००,००,०००.०० | ४५,१३,८४१.७१ |
| १२ | १४२४३ सिफारिश दस्तुर | ८४,००,०००.०० | १,१३,५२,५९०.३० | ९०,००,०००.०० | ९२,९७,६२२.०० |
| १३ | १४२४९ अन्य दस्तुर | ५५,००,०००.०० | ७५,१८,१९६.७४ | ६०,००,०००.०० | ६३,४४,१७१.०० |
| १४ | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९,९०,०००.०० | ७,९४,६०३.०० | १०,००,०००.०० | ५,५२,७८०.०० |
| १५ | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७,००,०००.०० | २७,७६,०७८.०३ | ७,५०,०००.०० | ८,७९,०५१.०० |
| १६ | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६,७५,०००.०० | ८,०६,९९६.०० | ६,००,०००.०० | ५,९०,०९८.०० |
| १७ | १४२४५ नाता प्रमाणित दस्तुर | ४,२०,०००.०० | ३,८९,९२०.०० | ४,५०,०००.०० | २,६०,८००.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | १४५२१ प्रदुषण शुल्क | ७०,०००.०० | ३,९०,०४६.९० | २,५०,०००.०० | ३,३५,०१९.०० |
| अन्य आय | | | | | |
| १९ | १५१११ बेरुजू | ४,२५,०००.०० | ३,४६,०२१.९५ | १,००,०००.०० | ४२,६७,३१४.७७ |
| २० | जनसहभागिता | १,९०,००,०००.०० | ९२,७२,२६९.०२ | १,९०,००,०००.०० | ३७,८८,७९९.९९ |
| २१ | १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १ | १,२३,६७४.०० | ३,००,०००.०० | १,१५,४००.०० |
| २२ | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १५,०००.०० | ५०,८८,७११.३० | ४,००,०००.०० | ७०,६८३.०० |
| २३ | १४४२१ पूँजीगत हस्तान्तरण | ८०,००,०००.०० | ४७,५०,०००.०० | - | - |

**१. समग्र आयको प्रवृत्तिः**

- **आय लक्ष्यः** गत आ.व. २०८०/८१ मा आन्तरिक आयको लक्ष्य रु. २५.६४ करोड रहेकोमा चालु आ.व. २०८१/८२ मा यो घटेर रु. २०.७५ करोड कायम गरिएको छ ।
- **आय संकलनः** गत वर्ष लक्ष्यको ९१.१५% (रु. २३.३७ करोड) आय संकलन भएको थियो । चालु वर्षको पहिलो १० महिनामा लक्ष्यको ७८.१५% (रु. १६.२२ करोड) संकलन



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

भइसकेको छ, जुन सन्तोषजनक प्रगति हो र वर्षान्तसम्ममा लक्ष्य पूरा हुने देखिन्छ ।

२. प्रमुख आय स्रोतहरूको विश्लेषण:

- **सिफारिश र अन्य दस्तुर:** 'सिफारिश दस्तुर' र 'अन्य दस्तुर' दुवै वर्ष नगरपालिकाको लागि सबैभन्दा बलियो र भरपर्दो आय स्रोतको रूपमा देखिएका छन्। गत वर्ष लक्ष्यभन्दा बढी १४५% संकलन भएको 'सिफारिश दस्तुर' शीर्षकमा यो वर्ष पनि १० महिनामै १०३% संकलन भइसकेको छ । 'अन्य दस्तुर' शीर्षकमा पनि दुवै वर्ष लक्ष्यभन्दा बढी आय उठेको छ ।

- **कर:** 'सम्पती कर' र 'वहाल विटौरी कर'ले चालु वर्ष लक्ष्यभन्दा बढी संकलन गरिसकेका छन् । तर 'भूमिकर/मालपोत', 'वहाल कर' र 'व्यवसाय कर' को संकलन चालु वर्षको १० महिनामा क्रमशः ६१%, ४९.५% र ६८.५% मात्र छ, जसले यी क्षेत्रमा थप सक्रियता आवश्यक रहेको देखाउँछ ।

- **नक्सापास दस्तुर:** गत वर्षको तुलनामा चालु वर्ष 'नक्सापास दस्तुर' को लक्ष्य दोब्बर (रु. ४९ लाखबाट रु. १ करोड) बनाइए पनि १० महिनामा जम्मा ४५% मात्र संकलन हुनुले लक्ष्य प्राप्तिमा चुनौती रहेको देखाउँछ ।

३. उल्लेखनीय परिवर्तन र असामान्यता:

- **बेरुजू असुली:** चालु वर्ष 'बेरुजू' असुलीमा अभूतपूर्व प्रगति भएको छ। रु. १ लाखको लक्ष्यमा रु. ४२.६७ लाख (४२६७%) असुल हुनुले नगरपालिकाको वित्तीय अनुशासन र बक्यौता असुलीमा उल्लेख्य सफलता मिलेको देखिन्छ ।

- **असामान्य आय:** गत वर्ष 'अन्य सेवा शुल्क तथा बिक्री' मा रु. १५,००० को लक्ष्यमा रु. ५०.८८ लाख संकलन हुनु र 'अन्य कर' मा रु. १५,००० को लक्ष्यमा रु. ५.२७ लाख संकलन हुनुले केही आयको वर्गीकरणमा अस्पष्टता रहेको संकेत गर्दछ। यस्ता एक पटक हुने आयले वार्षिक तुलनालाई प्रभावित पार्न सक्छ।

- **नयाँ आय शीर्षक:** चालु आ.व. मा 'कृषि तथा पशुजन्य व्यावसायिक कर' र 'शिक्षा क्षेत्रको आम्दानी' जस्ता नयाँ आय शीर्षक थपिए पनि हालसम्म कुनै आय संकलन भएको छैन ।



जर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

च) तालिका नं ४ :- चालु आर्थीक वर्षको १० महिनाको गत आर्थीक वर्षको वित्तिय हस्तान्तरण

| अनुदानको स्रोत र शीर्षक | गत आ.व. २०८०/८१ (१२ महिना) को लक्ष्य (रु.) | गत आ.व. २०८०/८१ (१२ महिना) को वास्तविक आय (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को लक्ष्य (रु.) | चालु आ.व. २०८१/८२ (१० महिना) को वास्तविक आय (रु.) |
|---|---|---|---|---|
| १. संघीय सरकार | ७४,९१,१०,०००.०० | ५८,२८,६१,१८६.०० | ६६,६९,२६,५००.०० | ५७,९९,५२,७४०.०० |
| १३३११ समानिकरण अनुदान | १५,६५,००,०००.०० | १४,५५,४५,०००.०० | १६,२१,००,०००.०० | १४,८७,४२,९६०.०० |
| १३३१२ शसर्त अनुदान (चालु) | २६,९५,०२,०००.०० | २२,५०,१७,५९७.०० | २५,८७,२६,५००.०० | २४,९२,५४,५४०.०० |
| १३३१३ शसर्त अनुदान (पुँजीगत) | २९,३१,०८,०००.०० | १८,७६,३८,५२६.०० | २०,११,००,०००.०० | १५,१९,५५,२४०.०० |
| १३३१४/१५ विषेश अनुदान | २,००,००,०००.०० (चालु) | १,८१,७४,८६५.०० (चालु) | ३,००,००,०००.०० (पुँजीगत) | १,९५,००,०००.०० (पुँजीगत) |
| १३३१७ समपुरक अनुदान (पुँजीगत) | १,००,००,०००.०० | ६४,८५,१९८.०० | १,५०,००,०००.०० | १,०५,००,०००.०० |
| २. प्रदेश सरकार | २,८९,७४,०००.०० | २,२१,१६,५७४.०० | ४,३८,५६,०००.०० | २,७८,९३,५८०.०० |
| १३३११ समानिकरण अनुदान | १,००,९९,०००.०० | १,००,९९,०००.०० | १,०३,१८,०००.०० | ७७,३८,५००.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३३१२ शसर्त अनुदान (चालु) | २९,७५,000.00 | २६,११,८२६.00 | ३१,३८,000.00 | २०,७१,०८०.00 |
| १३३१३ शसर्त अनुदान (पुँजीगत) | २९,00,000.00 | २८,१९,६५७.00 | १,७४,00,000.00 | ९५,0४,000.00 |
| १३३१७ समपुरक अनुदान (पुँजीगत) | १,३०,00,000.00 | ६५,८६,०९१.00 | १,३०,00,000.00 | ८५,८0,000.00 |
| कुल अनुदान (संघीय + प्रदेश) | ७७,८०,८४,000.00 | ६०,४९,७७,७६०.00 | ७१,०७,८२,५00.00 | ६०,७८,४६,३२०.00 |

अनुदान आयको तुलनात्मक विश्लेषण

१. समग्र अनुदानको प्रवृत्तिः

- **बजेटः** गत आ.व. २०८०/८१ को तुलनामा चालु आ.व. २०८१/८२ मा कुल अनुदान बजेट (संघीय र प्रदेश) करिब रु. ६.७३ करोडले घटेको छ ।
- **प्राप्तिः** यद्यपि बजेट घटेको छ, चालु वर्षको पहिलो १० महिनामा नै कुल रु. ६०.७८ करोड अनुदान प्राप्त भइसकेको छ, जुन गत वर्षको कुल १२ महिनाको प्राप्ति (रु. ६०.४९ करोड) भन्दा बढी हो । यसले चालु वर्ष अनुदानको निकासा र प्राप्ति प्रभावकारी रहेको देखाउँछ।

२. संघीय सरकारबाट प्राप्त अनुदानः

- **बजेट र प्राप्तिः** संघीय अनुदानको बजेट गत वर्षको रु. ७४.९१ करोडबाट घटेर चालु वर्ष रु. ६६.६९ करोडमा झरेको छ । तर, गत वर्ष कुल बजेटको ७७.८% मात्र प्राप्त भएकोमा, चालु वर्षको १० महिनामै ८७% प्राप्त भइसकेको छ, जुन निकै सकारात्मक हो ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- **शसर्त अनुदानः** संघीय अनुदानको सबैभन्दा ठूलो हिस्सा शसर्त अनुदान (चालु र पुँजीगत) हो। चालु वर्ष शसर्त अनुदान (चालु) को प्राप्ति दर ९६.३% रहेको छ, जुन गत वर्षको ८३.५% भन्दा निकै राम्रो छ । यसले संघीय सरकारबाट सञ्चालित कार्यक्रमहरूका लागि समयमै रकम निकासा भएको संकेत गर्दछ।

**३. प्रदेश सरकारबाट प्राप्त अनुदानः**

- **बजेट र प्राप्तिः** प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको बजेट गत वर्षको रु. २.८९ करोडबाट बढेर चालु वर्ष रु.४.३८ करोड पुगेको छ । यसले नगरपालिकाका लागि प्रदेश तहबाट थप वित्तीय स्रोत उपलब्ध भएको देखाउँछ।

- **प्राप्तिको गतिः** गत वर्ष प्रदेश अनुदान बजेटको ७६.३% प्राप्त भएको थियो भने चालु वर्षको १० महिनामा ६३.६% प्राप्त भएको छ । विशेषगरी, प्रदेश समानिकरण अनुदान (१० महिनामा ७५% प्राप्ति) र शसर्त पुँजीगत अनुदान (१० महिनामा ५४.६% प्राप्ति) को रकम निकासा संघीय अनुदानको तुलनामा केही ढिलो देखिन्छ ।

- **शसर्त पुँजीगत अनुदानः** प्रदेश सरकारबाट प्राप्त हुने शसर्त पुँजीगत अनुदानको बजेट गत वर्षको रु. २९ लाखबाट उल्लेख्य रूपमा बढेर रु.१.७४ करोड पुगेको छ, जसले प्रदेश सरकारले स्थानीय तहको पुँजीगत विकासमा बढी जोड दिएको देखाउँछ ।

**छ) तालिका नं ४ :- चालु आर्थीक वर्षको १० महिनाको र गत आर्थीक वर्षमा आर्थीक क्षेत्रमा भएको प्रगती**

| क्षेत्र/उप-क्षेत्र | विवरण | आ.व. २०८०/८१ (अवधिः २०८०/०४/०१ - २०८१/०३/३१) | आ.व. २०८१/८२ (अवधिः २०८१/०४/०१ - २०८२/०१/३१) |
|---|---|---|---|
| १. आर्थिक विकास | विनियोजन | रु ७,५९,७७,६२५.०० | रु ४,३७,८२,३३२.०० |
| | खर्च | रु ५,४७,२८,३२९.८० | रु १,४६,५४,८१६.७६ |



जर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | खर्च (%) | ७२.०३% | ३३.४७% |
| | मौज्दात | रु २,१२,४९,२९५.२० | रु २,९१,२७,५१५.२४ |
| उप-क्षेत्रहरु | | | |
| कृषि | विनियोजन | रु ४,०४,१८,१२५.०० | रु १,८१,९८,८७१.०० |
| | खर्च | रु ३,१७,०३,३७९.६० | रु १,०९,५३,९२१.७६ |
| | खर्च (%) | ७८.४४% | ६०.१९% |
| | मौज्दात | रु ८७,१४,७४५.४० | रु ७२,४४,९४९.२४ |
| उद्योग | विनियोजन | रु ३१,९७,०००.०० | रु ३५,६१,१६४.०० |
| | खर्च | रु २७,५९,४००.०० | रु १४,४०,३६२.०० |
| | खर्च (%) | ८६.३१% | ४०.४५% |
| | मौज्दात | रु ४,३७,६००.०० | रु २१,२०,८०२.०० |
| पर्यटन | विनियोजन | रु ६६,५०,०००.०० | रु ३६,८२,१७०.०० |
| | खर्च | रु १६,७१,६०५.०० | रु २,००,१५५.०० |
| | खर्च (%) | २५.१४% | ५.४४% |
| | मौज्दात | रु ४९,७८,३९५.०० | रु ३४,८२,०१५.०० |
| सहकारी | विनियोजन | रु ५,१०,०००.०० | रु १,००,०००.०० |
| | खर्च | रु ३,००,७५०.०० | रु ०.०० |
| | खर्च (%) | ५८.९७% | ०% |
| | मौज्दात | रु २,०९,२५०.०० | रु १,००,०००.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| वित्तीय क्षेत्र | विनियोजन | रु २३,५९,०००.०० | रु १०,५०,०००.०० |
| | खर्च | रु २३,५१,३२७.०० | रु ३,७८,७८५.०० |
| | खर्च (%) | ९९.६७% | ३६.०७% |
| | मौज्दात | रु ७,६७३.०० | रु ६,७१,२१५.०० |
| जलश्रोत तथा सिंचाई | विनियोजन | रु ५,५०,०००.०० | रु ५५,५०,०००.०० |
| | खर्च | रु ५,३६,२०९.०० | रु ६८,२३६.०० |
| | खर्च (%) | ९७.४९% | १.२३% |
| | मौज्दात | रु १३,७९१.०० | रु ५४,८१,७६४.०० |
| पशुपन्छी विकास | विनियोजन | रु १,५१,२३,५००.०० | रु ७४,२७,०००.०० |
| | खर्च | रु १,२०,४५,८७३.२० | रु १५,१३,३५८.०० |
| | खर्च (%) | ७९.६५% | २०.३८% |
| | मौज्दात | रु ३०,७७,६२६.८० | रु ५९,१३,६४२.०० |
| वाणिज्य | विनियोजन | रु ७१,७०,०००.०० | रु ३०,००,०००.०० |
| | खर्च | रु ३३,५९,७८६.०० | रु ०.०० |
| | खर्च (%) | ४६.८६% | ०% |
| | मौज्दात | रु ३८,१०,२१४.०० | रु ३०,००,०००.०० |
| बन | विनियोजन | उपलब्ध छैन | रु १०,१३,१२७.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | खर्च | उपलब्ध छैन | रु ९९,९९९.०० |
| | खर्च (%) | उपलब्ध छैन | ९.८६% |
| | मौज्दात | उपलब्ध छैन | रु ९,१३,१२८.०० |
| आपूर्ति | विनियोजन | उपलब्ध छैन | रु २,००,०००.०० |
| | खर्च | उपलब्ध छैन | रु ०.०० |
| | खर्च (%) | उपलब्ध छैन | ०% |
| | मौज्दात | उपलब्ध छैन | रु २,००,०००.०० |

## आर्थिक विकास क्षेत्रको वित्तीय प्रगतिको तुलनात्मक विश्लेषण

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ (वार्षिक) र चालु आर्थिक वर्ष २०८१/८२ (१० महिना) को आर्थिक विकास क्षेत्रको वित्तीय प्रगतिलाई विश्लेषण गर्दा बजेट विनियोजन, खर्चको प्रवृत्ति र उप-क्षेत्रगत प्राथमिकतामा उल्लेखनीय परिवर्तनहरू देखिन्छन्।

### समग्र विश्लेषण

- **बजेट र खर्च:** गत आ.व. २०८०/८१ मा आर्थिक विकास क्षेत्रका लागि कुल रु ७,५९,७७,६२५.०० विनियोजन भएकोमा रु ५,४७,२८,३२९.८० (७२.०३%) खर्च भएको थियो । चालु आ.व. २०८१/८२ मा यस क्षेत्रको बजेट घटेर रु ४,३७,८२,३३२.०० मा सीमित भएको छ, जसमध्ये १० महिनामा रु १,४६,५४,८१६.७६ (३३.४७%) मात्र खर्च भएको छ । यसले चालु वर्षमा समग्र बजेट घटाइएको र हालसम्मको खर्चको गति पनि सुस्त रहेको देखाउँछ।

### उप-क्षेत्रगत तुलनात्मक विश्लेषण

- **कृषि:** कृषि क्षेत्र दुवै आर्थिक वर्षमा प्राथमिकतामा परेको देखिन्छ। गत वर्ष विनियोजित रु



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

४,०४,१८,१२५.०० मध्ये ७८.४४% खर्च भएको थियो । चालु वर्षमा बजेट रु १,८१,९८,८७१.०० भए तापनि १० महिनामै ६०.१९% खर्च भइसकेको छ । यसले कृषि क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी रहेको संकेत गर्दछ।

- **जलश्रोत तथा सिंचाईः** यस उप-क्षेत्रको बजेटमा अस्वाभाविक वृद्धि भएको छ। गत वर्षको रु ५,५०,०००.०० बजेटबाट बढेर चालु वर्षमा रु ५५,५०,०००.०० पुगेको छ । तर, गत वर्ष ९७.४९% को उच्च खर्च प्रगति भएकोमा , चालु वर्षको १० महिनामा विनियोजित बजेटको जम्मा १.२३% मात्र खर्च भएको छ । यसले बजेट विनियोजन भए तापनि कार्यान्वयन पक्ष अत्यन्तै कमजोर रहेको देखाउँछ।
- **पर्यटनः** पर्यटन क्षेत्रको बजेट र खर्च दुवैमा गिरावट आएको छ। गत वर्षको रु ६६,५०,०००.०० बजेटको तुलनामा चालु वर्षमा रु ३६,८२,१७०.०० मात्र विनियोजन गरिएको छ । गत वर्ष २५.१४% खर्च भएकोमा चालु वर्षको १० महिनामा जम्मा ५.४४% मात्र खर्च हुनुले यस क्षेत्रको प्राथमिकता घटेको स्पष्ट हुन्छ ।
- **उद्योग र वित्तीय क्षेत्रः** उद्योग क्षेत्रको बजेट सामान्य बढेको छ भने वित्तीय क्षेत्रको बजेट आधाभन्दा बढीले घटेको छ । गत वर्ष यी दुवै क्षेत्रमा क्रमशः ८६.३१% र ९९.६७% जस्तो उत्कृष्ट खर्च प्रगति भए पनि चालु वर्षमा खर्चको गति सुस्त छ ।
- **शून्य खर्च भएका उप-क्षेत्रहरूः** चालु आर्थिक वर्षको १० महिना बितिसक्दा पनि **सहकारी, वाणिज्य,** र नयाँ थपिएको **आपूर्ति** उप-क्षेत्रमा कुनै पनि रकम खर्च हुन सकेको छैन । गत वर्ष वाणिज्यमा ४६.८६% र सहकारीमा ५८.९७% खर्च भएको थियो ।
- **नयाँ उप-क्षेत्रहरूः** चालु आ.व. २०८१/८२ मा **बन** र **आपूर्ति** गरी दुई नयाँ उप-क्षेत्रहरू थपिएका छन् । जसमध्ये बनमा विनियोजित रु १०,१३,१२७.०० बाट ९.८६% खर्च भएको छ ।

**ज) तालिका नं ५ :- चालु आर्थीक वर्षको १० महिनाको र गत आर्थीक वर्षमा सामाजिक विकास क्षेत्रमा भएको प्रगती**



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| क्षेत्र/उप-क्षेत्र | विवरण | आ.व. २०८०/८१ (अवधिः २०८०/०४/०१ - २०८१/०३/३१) | आ.व. २०८१/८२ (अवधिः २०८१/०४/०१ - २०८२/०१/३१) |
|---|---|---|---|
| २. सामाजिक विकास | विनियोजन | रु ४०,८९,९९,८५०.०० | रु ३०,८९,६०,६३५.०० |
| | खर्च | रु ३३,२४,८२,५४१.७५ | रु १८,३५,७३,१४१.८५ |
| | खर्च (%) | ८१.२९% | ५९.४२% |
| | मौज्दात | रु ७,६५,१७,३०८.२५ | रु १२,५३,८७,४९३.१५ |
| उप-क्षेत्रहरु | | | |
| शिक्षा | विनियोजन | रु २४,८५,५२,८६६.०० | रु २२,५४,८१,७९१.०० |
| | खर्च | रु २२,३१,१३,४७८.२० | रु १४,५०,६५,७२६.४५ |
| | खर्च (%) | ८९.७६% | ६४.३४% |
| | मौज्दात | रु २,५४,३९,३८७.८० | रु ८,०४,१६,०६४.५५ |
| स्वास्थ्य | विनियोजन | रु ६,१९,८४,९३०.०० | रु ४,०४,६१,४०४.०० |
| | खर्च | रु ३,७३,२८,००६.०० | रु २,०५,४४,११७.४० |
| | खर्च (%) | ६०.२२% | ५०.७७% |
| | मौज्दात | रु २,४६,५६,९२४.०० | रु १,९९,१७,२८६.६० |
| भाषा तथा संस्कृति | विनियोजन | रु ६६,०१,३०४.०० | रु ९१,९१,०४५.०० |
| | खर्च | रु ६०,४०,९०३.०० | रु ४९,४०,१२९.०० |
| | खर्च (%) | ९१.५१% | ५३.७५% |
| | मौज्दात | रु ५,६०,४०१.०० | रु ४२,५०,९१६.०० |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | विनियोजन | रु १,२२,२९,७५०.०० | रु १,३९,६३,८१२.०० |
| | खर्च | रु १,०४,९५,२९७.०० | रु ५१,५५,२०६.०० |
| | खर्च (%) | ८५.८२% | ३६.९२% |
| | मौज्दात | रु १७,३४,४५३.०० | रु ८८,०८,६०६.०० |
| युवा तथा खेलकुद | विनियोजन | रु ८८,१७,०००.०० | रु ५८,९६,०८३.०० |
| | खर्च | रु ५४,४७,२०९.०० | रु २५,५६,९५१.०० |
| | खर्च (%) | ६१.७८% | ४३.३७% |
| | मौज्दात | रु ३३,६९,७९१.०० | रु ३३,३९,१३२.०० |
| सामाजिक सुरक्षा तथा संरक्षण | विनियोजन | रु ७,०८,१४,०००.०० | रु १,०२,५१,५००.०० |
| | खर्च | रु ५,००,५७,६४८.५५ | रु ४१,७४,६७३.०० |
| | खर्च (%) | ७०.६९% | ४०.७२% |
| | मौज्दात | रु २,०७,५६,३५१.४५ | रु ६०,७६,८२७.०० |
| खानेपानी तथा सरसफाई | विनियोजन | उपलब्ध छैन | रु २८,१५,०००.०० |
| | खर्च | उपलब्ध छैन | रु ६,८४,८४९.०० |
| | खर्च (%) | उपलब्ध छैन | २४.३३% |
| | मौज्दात | उपलब्ध छैन | रु २१,३०,१५१.०० |
| जनसंख्या तथा बसाईसराई | विनियोजन | उपलब्ध छैन | रु ९,००,०००.०० |



उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | खर्च | उपलब्ध छैन | रु ४,५१,४९०.०० |
| | खर्च (%) | उपलब्ध छैन | ५०.१७% |
| | मौज्दात | उपलब्ध छैन | रु ४,४८,५१०.०० |

**समग्र विश्लेषण**

सामाजिक विकास क्षेत्रको कुल बजेटमा उल्लेखनीय कटौती भएको छ। गत आ.व. २०८०/८१ मा कुल बजेट रु ४०,८९,९९,८५०.०० रहेकोमा चालु आ.व. २०८१/८२ मा यो घटेर रु ३०,८९,६०,६३५.०० मा झरेको छ। बजेट घटे पनि कार्यान्वयनको गति भने सन्तोषजनक देखिन्छ। गत वर्षको कुल ८१.२९% को तुलनामा चालु वर्षको १० महिनामा ५९.४२% को वित्तीय प्रगति हासिल भएको छ, जुन वार्षिक लक्ष्यको नजिक पुग्न सक्ने संकेत हो।

**उप-क्षेत्रगत तुलनात्मक विश्लेषण**

- **शिक्षाः** शिक्षा क्षेत्रले सामाजिक विकासको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ। गत वर्ष रु २४,८५,५२,८६६.०० बजेट रहेकोमा चालु वर्षमा सामान्य घटेर रु २२,५४,८१,७९१.०० पुगेको छ। गत वर्ष ८९.७६% को उच्च प्रगति हासिल गरेको यस क्षेत्रले चालु वर्षको १० महिनामा ६४.३४% खर्च गरिसकेको छ, जसले यस क्षेत्रको कार्यान्वयन पक्ष बलियो रहेको देखाउँछ।
- **स्वास्थ्य र सामाजिक सुरक्षाः** यी दुई उप-क्षेत्रको बजेटमा भारी कटौती भएको छ। स्वास्थ्य क्षेत्रको बजेट गत वर्षको रु ६,१९,८४,९३०.०० बाट घटेर रु ४,०४,६१,४०४.०० मा पुगेको छ। सबैभन्दा ठूलो कटौती **सामाजिक सुरक्षा तथा संरक्षण** मा देखिएको छ, जहाँ गत वर्षको रु ७,०८,१४,०००.०० बजेट यो वर्ष रु १,०२,५१,५००.०० मा सीमित भएको छ। यसले यी क्षेत्रहरूको प्राथमिकता बदलिएको संकेत गर्दछ।
- **बजेट वृद्धि तर सुस्त कार्यान्वयनः भाषा तथा संस्कृति** र **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** जस्ता उप-क्षेत्रहरूमा गत वर्षको तुलनामा बजेट बढाइएको छ । तर,



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयनको गति भने सुस्त देखिएको छ। गत वर्ष क्रमशः ९१.५१% र ८५.८२% को उच्च खर्च प्रगति गरेका यी क्षेत्रहरूले चालु वर्षको १० महिनामा क्रमशः ५३.७५% र ३६.९२% मात्र खर्च गर्न सकेका छन्।

- **नयाँ उप-क्षेत्रहरूको सुरुवातः** चालु आर्थिक वर्षमा खानेपानी तथा सरसफाई र जनसंख्या तथा बसाईसराई जस्ता नयाँ उप-क्षेत्रहरू थपिएका छन् । यी मध्ये जनसंख्या तथा बसाईसराईले १० महिनामा ५०.१७% को राम्रो शुरुवात गरेको छ भने खानेपानी तथा सरसफाईको प्रगति २४.३३% मा सीमित छ।

**झ) तालिका नं ६ :- चालु आर्थीक वर्षको १० महिनाको र गत आर्थीक बर्षमा स्थानीय पुर्वाधारमा भएको प्रगती**

| क्षेत्र/उप-क्षेत्र | विवरण | आ.व. २०८०/८१ (अवधिः २०८०/०४/०१ - २०८१/०३/३१) | आ.व. २०८१/८२ (अवधिः २०८१/०४/०१ - २०८२/०१/३१) |
|---|---|---|---|
| ३. पूर्वाधार विकास | विनियोजन | रु ५२,७०,९८,३०८.०० | रु ५४,७६,८३,५३८.०० |
| | खर्च | रु ३४,६८,४८,५०१.०० | रु २३,२६,५३,५४२.७२ |
| | खर्च (%) | ६५.८0% | ४२.४८% |
| | मौज्दात | रु १८,०२,४९,८०७.०० | रु ३१,५०,२९,९९५.२८ |
| उप-क्षेत्रहरु | | | |
| यातयात | विनियोजन | रु १७,४०,५३,९७५.०० | रु ३८,८७,८५,४७९.५८ |



जर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| पूर्वाधार | | | |
| | खर्च | रु १२,२४,६६,५०८.०० | रु १९,३३,७४,९१२.०० |
| | खर्च (%) | ७०.३६% | ४९.७४% |
| | मौज्दात | रु ५,१५,८७,४६७.०० | रु १९,५४,१०,५६७.५८ |
| भवन, आवास तथा सहरी विकास | विनियोजन | रु ३३,१७,३४,८३६.०० | रु ७,२५,१५,५२१.३१ |
| | खर्च | रु २१,२९,०३,०८५.०० | रु २,३५,२५,३२३.७२ |
| | खर्च (%) | ६४.१८% | ३२.४४% |
| | मौज्दात | रु ११,८८,३१,७५१.०० | रु ४,८९,९०,१९७.५९ |
| सम्पदा पूर्वाधार | विनियोजन | रु १,९५,०९,४९७.०० | रु ५,१६,६२,४४६.११ |
| | खर्च | रु ९७,९४,८९१.०० | रु १,११,७९,९६६.०० |
| | खर्च (%) | ५०.२१% | २१.६४% |
| | मौज्दात | रु ९७,१४,६०६.०० | रु ४,०४,८२,४८०.११ |
| उर्जा | विनियोजन | रु ८,००,०००.०० | उपलब्ध छैन |
| | खर्च | रु ७,९८,०००.०० | उपलब्ध छैन |
| | खर्च (%) | ९९.७५% | उपलब्ध छैन |
| | मौज्दात | रु २,०००.०० | उपलब्ध छैन |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| बिज्ञान तथा प्रविधि | विनियोजन | रु १०,००,०००.०० | उपलब्ध छैन |
| | खर्च | रु ८,८६,०१७.०० | उपलब्ध छैन |
| | खर्च (%) | ८८.६०% | उपलब्ध छैन |
| | मौज्दात | रु १,१३,९८३.०० | उपलब्ध छैन |
| संचार तथा सूचना प्रविधि | विनियोजन | उपलब्ध छैन | रु २१,५०,०००.०० |
| | खर्च | उपलब्ध छैन | रु १५,८५,७१९.०० |
| | खर्च (%) | उपलब्ध छैन | ७३.७५% |
| | मौज्दात | उपलब्ध छैन | रु ५,६४,२८१.०० |
| पुनर्निर्माण | विनियोजन | उपलब्ध छैन | रु ३,२५,७०,०९१.०० |
| | खर्च | उपलब्ध छैन | रु २९,८७,६२२.०० |
| | खर्च (%) | उपलब्ध छैन | ९.१७% |
| | मौज्दात | उपलब्ध छैन | रु २,९५,८२,४६९.०० |

### पूर्वाधार विकास क्षेत्रको वित्तीय प्रगतिको तुलनात्मक विश्लेषण

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनाको पूर्वाधार विकास क्षेत्रको वित्तीय तथ्याङ्कको विश्लेषणले बजेटको आकार, उप-क्षेत्रगत प्राथमिकता र कार्यान्वयनको गतिमा महत्त्वपूर्ण परिवर्तनहरू देखाउँछ।

**समग्र विश्लेषण**



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

पूर्वाधार विकास क्षेत्रको कुल बजेटमा सामान्य वृद्धि भएको छ। गत आ.व. २०८०/८१ मा रु ५२,७०,९८,३०८.०० बजेट रहेकोमा चालु आ.व. २०८१/८२ मा बढेर रु ५४,७६,८३,५३८.०० पुगेको छ । यसले पूर्वाधारलाई नगरपालिकाले निरन्तर प्राथमिकतामा राखेको देखाउँछ। यद्यपि, खर्चको गतिमा भने सुस्तता आएको छ। गत वर्ष कुल बजेटको ६५.८% खर्च भएकोमा, चालु वर्षको १० महिनामा जम्मा ४२.४८% मात्र खर्च भएको छ । चालु वर्षमा अझै रु ३१,५०,२९,९९५.२८ बजेट खर्च हुन बाँकी छ, जसले आर्थिक वर्षको अन्त्यमा लक्ष्य हासिल गर्न चुनौती रहेको देखाउँछ ।

उप-क्षेत्रगत तुलनात्मक विश्लेषण

- **यातयात पूर्वाधारः** यो उप-क्षेत्रमा लगानी उल्लेख्य रूपमा बढेको छ। गत वर्षको रु १७,४०,५३,९७५.०० बजेटको तुलनामा यो वर्ष दोब्बरभन्दा बढीले बढेर रु ३८,८७,८५,४७९.५८ पुगेको छ । यो चालु वर्षको पूर्वाधार विकासको मुख्य प्राथमिकता यातायात नै रहेको स्पष्ट संकेत हो। यद्यपि, बजेट बढे पनि खर्चको प्रतिशत भने घटेको छ। गत वर्ष ७०.३६% को वित्तीय प्रगति भएकोमा, चालु वर्षको १० महिनामा ४९.७४% मात्र प्रगति देखिएको छ ।

- **भवन, आवास तथा सहरी विकासः** यातायात पूर्वाधारको ठीक विपरीत, यस उप-क्षेत्रको बजेटमा ठूलो कटौती भएको छ। गत वर्षको रु ३३,१७,३४,८३६.०० बजेट यो वर्ष घटेर रु ७,२५,१५,५२१.३१ मा झरेको छ । यसले नगरपालिकाको प्राथमिकता भवन तथा सहरी विकासबाट हटेर यातायाततर्फ सरेको देखाउँछ। खर्च प्रगति पनि गत वर्षको ६४.१८% को तुलनामा हालसम्म ३२.४४% मात्र छ ।

- **सम्पदा पूर्वाधार र पुनर्निर्माणः** सम्पदा पूर्वाधारको बजेट रु १,९५,०९,४९७.०० बाट बढेर रु ५,१६,६२,४४६.११ पुगेको छ र **पुनर्निर्माण** शीर्षकमा नयाँ रु ३,२५,७०,०९१.०० बजेट थपिएको छ । तर, यी दुवै प्राथमिकतामा परेका क्षेत्रहरूको कार्यान्वयन अत्यन्त सुस्त छ। १० महिनामा सम्पदा पूर्वाधारमा २१.६४% र पुनर्निर्माणमा जम्मा ९.१७% मात्र खर्च भएको छ ।

- **उप-क्षेत्रहरूको परिवर्तनः** गत वर्ष उर्जा (९९.७५% खर्च) र विज्ञान तथा प्रविधि (८८.६%



जलगारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलगारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

खर्च) जस्ता उप-क्षेत्रहरूमा भएको लगानी यस वर्षको बजेटमा देखिँदैन । यसको सट्टा संचार तथा सूचना प्रविधि भन्ने नयाँ उप-क्षेत्र थपिएको छ, जसले १० महिनामा ७३.७५% को राम्रो खर्च प्रगति देखाएको छ ।

ञ) तालिका नं ७ :- चालु आर्थिक वर्षको १० महिनाको र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगती

| क्षेत्र/उप-क्षेत्र | विवरण | आ.व. २०८०/८१ (अवधिः २०८०/०४/०१ - २०८१/०३/३१) | आ.व. २०८१/८२ (अवधिः २०८१/०४/०१ - २०८२/०१/३१) |
|---|---|---|---|
| वातावरण तथा जलवायु | विनियोजन | रु ६८,७०,५५९.०० | रु ५,००,०००.०० |
| | खर्च | रु २१,४८,१७०.०० | रु ०.०० |
| | खर्च (%) | ३१.२७% | 0% |
| | मौज्दात | रु ४७,२२,३८९.०० | रु ५,००,०००.०० |
| विपद व्यवस्थापन | विनियोजन | रु २,४८,६५,७२४.०० | रु १,२५,००,०००.०० |
| | खर्च | रु २,२१,७३,१८८.८० | रु ०.०० |
| | खर्च (%) | ८९.१७% | 0% |
| | मौज्दात | रु २६,९२,५३५.२० | रु १,२५,००,०००.०० |

१. वातावरण तथा जलवायु

वातावरण तथा जलवायु उप-क्षेत्रको बजेट र कार्यान्वयनमा चालु आर्थिक वर्षमा ठूलो गिरावट आएको



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

छ।

- **बजेट विनियोजनः** गत आ.व. २०८०/८१ मा यस क्षेत्रका लागि रु ६८,७०,५५९.०० विनियोजन गरिएको थियो । तर, चालु आ.व. २०८१/८२ मा यो बजेट ९०% भन्दा बढीले घटाएर जम्मा रु ५,००,०००.०० मा सीमित गरिएको छ । यसले यो क्षेत्र चालु वर्षको प्राथमिकतामा नपरेको स्पष्ट हुन्छ।

- **खर्च प्रगतिः** गत वर्ष विनियोजित बजेटको ३१.२७% अर्थात् रु २१,४८,१७०.०० खर्च भएको थियो । यसको ठीक विपरीत, चालु आर्थिक वर्षको १० महिना बितिसक्दा पनि यस क्षेत्रमा शून्य (०%) खर्च रहेको छ ।

२. विपद व्यवस्थापन

विपद व्यवस्थापन जस्तो संवेदनशील क्षेत्रमा पनि बजेट कटौती र कार्यान्वयनमा गम्भीर सुस्तता देखिएको छ।

- **बजेट विनियोजनः** गत आ.व. २०८०/८१ मा रु २,४८,६५,७२४.०० को ठूलो बजेट रहेको यस उप-क्षेत्रमा चालु वर्षको लागि बजेट आधाले घटाएर रु १,२५,००,०००.०० मा झारिएको छ ।

- **खर्च प्रगतिः** गत वर्ष यस क्षेत्रले उत्कृष्ट प्रदर्शन गर्दै कुल बजेटको ८९.१७% अर्थात् रु २,२१,७३,१८८.८० खर्च गरेको थियो । तर, यो वर्ष १० महिनाको अवधिमा विनियोजित रु १.२५ करोड बजेटबाट कुनै पनि रकम खर्च हुन सकेको छैन र खर्च प्रगति शून्य (०%) रहेको छ ।

**ट) तालिका नं ८ :- चालु आर्थीक बर्षको १० महिनाको र गत आर्थीक बर्षमा संस्थागत पुर्वाधारमा भएको प्रगती**

| विवरण | आ.व. २०८०/८१ (अवधिः २०८०/०४/०१ - २०८१/०३/३१) | आ.व. २०८१/८२ (अवधिः २०८१/०४/०१ - २०८२/०१/३१) |
|---|---|---|
| | | |



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| विनियोजन | रु ३३,१७,३४,८३६.०० | रु ७,२५,१५,५२१.३१ |
| खर्च | रु २१,२९,०३,०८५.०० | रु २,३५,२५,३२३.७२ |
| खर्च (%) | ६४.१८% | ३२.४४% |
| मौज्दात | रु ११,८८,३१,७५१.०० | रु ४,८९,९०,१९७.५९ |

**बजेटमा भारी कटौतीः** दुई आर्थिक वर्षको तुलना गर्दा सबैभन्दा उल्लेखनीय परिवर्तन यस उप-क्षेत्रको बजेटमा भएको भारी कटौती हो। गत आ.व. २०८०/८१ मा रु ३३,१७,३४,८३६.०० विनियोजन भएकोमा चालु आ.व. २०८१/८२ मा यो बजेट ७५% भन्दा बढीले घटेर जम्मा रु ७,२५,१५,५२१.३१ मा सीमित भएको छ । यसले चालु आर्थिक वर्षमा नगरपालिकाको प्राथमिकता यस क्षेत्रबाट अन्यत्र सरेको स्पष्ट संकेत गर्दछ।

**खर्च प्रगतिमा सुस्तताः** बजेट घट्नुका साथै खर्च गर्ने गति पनि सुस्त भएको छ। गत आर्थिक वर्षमा कुल बजेटको ६४.१८% खर्च भएको थियो । तर, चालु आर्थिक वर्षको १० महिनामा घटेको बजेटको पनि जम्मा ३२.४४% मात्र खर्च हुन सकेको छ । यो दरले आर्थिक वर्षको अन्त्यसम्ममा गत वर्षको प्रगति हासिल गर्न कठिन देखिन्छ।

**मौज्दात रकमः** कार्यान्वयन सुस्त भएकै कारण चालु आर्थिक वर्षको अन्त्य हुन २ महिना बाँकी रहँदा यस उप-क्षेत्रमा अझै रु ४,८९,९०,१९७.५९ रकम खर्च हुन बाँकी छ ।

**ठ) स्थानीय अर्थतन्त्रका प्रमुख चुनौतिहरु**

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनाको क्षेत्रगत खर्च विवरणको आधारमा पालिकाको अर्थतन्त्रका प्रमुख चुनौतीहरूलाई निम्नानुसार पहिचान गर्न सकिन्छः

**१. खराब बजेट कार्यान्वयन र कमजोर खर्च क्षमताः** पालिकाको सबैभन्दा ठूलो चुनौती बजेट विनियोजन गरेअनुसार खर्च गर्न नसक्नु हो। विशेषगरी प्राथमिकतामा परेका र नयाँ थपिएका क्षेत्रमा यो समस्या



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

विकराल देखिन्छ।

- **विपद व्यवस्थापनः** चालु वर्षमा **रु १,२५,००,०००.००** बजेट भए तापनि १० महिनासम्म एक रुपैयाँ पनि खर्च भएको छैन । गत वर्ष ८९.१७% खर्च भएको यस क्षेत्रमा यो वर्षको शून्य प्रगतिले, विशेषगरी मनसुन नजिकिँदै गर्दा (वर्तमान मितिः जुन २१, २०२५), पालिकाको विपद तयारी क्षमतामा गम्भीर प्रश्न उठाउँछ।

- **जलश्रोत तथा सिंचाईः** गत वर्षको तुलनामा बजेट दश गुणाले बढाएर **रु ५५,५०,०००.००** पुर्याइए पनि १० महिनामा जम्मा १.२३% मात्र खर्च भएको छ ।

- **पुनर्निर्माणः** **रु ३,२५,७०,०९१.००** को नयाँ बजेट पाएको यस क्षेत्रमा जम्मा ९.१७% मात्र खर्च भएको छ ।

- **आर्थिक विकासका अन्य क्षेत्रहरूः** चालु वर्षमा सहकारी, वाणिज्य, र आपूर्ति जस्ता उप-क्षेत्रहरूमा पनि खर्च शून्य छ ।

२. **अस्थिर प्राथमिकता र असन्तुलित बजेट विनियोजनः** एक आर्थिक वर्षबाट अर्कोमा जाँदा बजेट विनियोजनमा देखिने ठूलो उथलपुथलले दिगो र योजनाबद्ध विकासमा चुनौती थपेको छ।

- **भवन, आवास तथा सहरी विकासः** गत वर्ष **रु ३३ करोड** भन्दा बढी बजेट पाएको यो क्षेत्रमा यो वर्ष बजेट ७५% भन्दा बढीले घटाएर **रु ७.२५ करोडमा** झारिएको छ ।

- **सामाजिक सुरक्षाः** गत वर्ष **रु ७ करोडभन्दा** बढी बजेट भएकोमा यो वर्ष **रु १ करोडमा** सीमित गरिएको छ ।

- यसको उल्टो, **यातयात पूर्वाधारमा** बजेट दोब्बरभन्दा बढीले बढाइएको छ । यस्तो अस्थिरताले गर्दा कुनै पनि क्षेत्रमा दीर्घकालीन योजना बनाएर काम गर्न कठिन हुन्छ।

३. **महत्वपूर्ण क्षेत्रहरूको उपेक्षाः** आर्थिक वृद्धि र सामाजिक सुरक्षाका लागि आवश्यक केही महत्त्वपूर्ण क्षेत्रहरू बजेट र कार्यान्वयन दुवै हिसाबले उपेक्षामा परेका छन्, जसले अर्थतन्त्रलाई दीर्घकालमा असर गर्न सक्छ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- **पर्यटनः** गत वर्षको तुलनामा बजेट घटाइएको छ र १० महिनामा जम्मा ५.४४% मात्र खर्च भएको छ ।

- **वातावरण तथा जलवायुः** बजेट ९०% भन्दा बढीले घटाइएको छ र खर्च शून्य छ ।

- यस्ता क्षेत्रको उपेक्षाले पालिकाको आर्थिक विविधीकरण र वातावरणीय दिगोपनमा चुनौती सिर्जना गर्दछ।

४. **केही सीमित क्षेत्रमा मात्रै लगानी र कार्यान्वयन केन्द्रित हुनुः** पालिकाको बजेट र खर्चको ठूलो हिस्सा केही सीमित उप-क्षेत्रहरूमा मात्र केन्द्रित देखिन्छ। चालु वर्षको पूर्वाधार बजेटको अधिकांश हिस्सा यातयात पूर्वाधारमा केन्द्रित छ भने सामाजिक विकासको बजेट शिक्षामा केन्द्रित छ । यसले गर्दा अन्य महत्त्वपूर्ण आर्थिक र सामाजिक क्षेत्रहरू पछि पर्ने र समग्रमा असन्तुलित विकास हुने चुनौती रहन्छ।

**ढ) सहकारी क्षेत्रबाट भएका कामको उपलब्धिः**

- आ.व. २०८१/०८२ को चैत्र मसान्त सम्म ५ वटा गरि जम्मा १७ वडा सामाजिक संस्था दर्ता गरिएको छ ।
- सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुका लागि सहकारी व्यवसायिक योजना सम्बन्धि ३ दिने तालिम कार्यक्रम सम्पन्न गरिएको ।
- सहकारी संस्थाहरुको अनुगमन कार्य संचालन भइरहेको छ ।

**२) समग्र आर्थीक स्थिती**

**क) अन्तराष्ट्रिय आर्थिक स्थिती**

संघीय सरकारको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार विश्वव्यापी आर्थिक तथा राजनीतिक अस्थिरता र अनिश्चितताले आर्थिक गतिविधिमा सुस्तता ल्याएको छ, जसका कारण सन् २०२५ मा विश्व अर्थतन्त्रको विस्तार खुम्चिने अनुमान गरिएको छ । संरक्षणवादतर्फको बढ्दो झुकाव, ठूला अर्थतन्त्रहरूबीचको भन्सार दर वृद्धिको होडबाजी, विश्व व्यापारमा देखिएको तनाव, लगानीमा आएको कमी र उच्च सार्वजनिक ऋणजस्ता कारणले विश्वको आपूर्ति श्रृङ्खलामा अवरोध सिर्जना भई आर्थिक वृद्धिदरमा नकारात्मक असर पर्ने देखिएको छ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## विश्व आर्थिक वृद्धिदर

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणअनुसार, सन् २०२४ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२५ मा घटेर २.८ प्रतिशतमा सीमित हुने अनुमान छ ।

- **विकसित अर्थतन्त्रः** सन् २०२४ मा १.८ प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा यो वृद्धिदर १.४ प्रतिशतमा झर्ने प्रक्षेपण छ ।
- **उदीयमान तथा विकासशील अर्थतन्त्रः** सन् २०२५ मा यी मुलुकहरूको अर्थतन्त्र ३.७ प्रतिशतले विस्तार हुने अनुमान छ ।
- **उदीयमान तथा विकासशील एसियाः** अन्य क्षेत्रको तुलनामा एसियाली अर्थतन्त्रको विस्तार उच्च दरमा हुने देखिएको छ, जहाँ सन् २०२५ मा ४.५ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण छ ।

## दक्षिण एसियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर

सन् २०२५ मा दक्षिण एसियाली मुलुकहरूको आर्थिक वृद्धि मिश्रित रहने प्रक्षेपण गरिएको छ, जसमा नेपाल, भुटान र पाकिस्तानको वृद्धिदर बढ्ने र अन्यको घट्ने अनुमान छ ।

- **नेपालः** आर्थिक वृद्धि सन् २०२४ को ३.१ प्रतिशतबाट बढेर सन् २०२५ मा ४.० प्रतिशत पुग्ने प्रक्षेपण छ ।
- **भारतः** वृद्धिदर सन् २०२४ को ६.५ प्रतिशतबाट घटेर सन् २०२५ मा ६.२ प्रतिशतमा झर्ने अनुमान छ ।
- **चीनः** आर्थिक वृद्धिदर सन् २०२४ को ५.० प्रतिशतबाट सन् २०२५ मा ४.० प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ ।
- **भुटानः** दक्षिण एसियामा सबैभन्दा उच्च ७.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण गरिएको छ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

मूल्य स्थिति (मुद्रास्फीति)

विकसित, उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको मुद्रास्फीति घट्दै गएकाले सन् २०२५ मा समग्र मूल्यस्तरमा कम चाप पर्ने अनुमान छ ।

- **विश्वव्यापी मुद्रास्फीतिः** सन् २०२५ मा उदीयमान तथा विकासशील युरोपबाहेकका अन्य अर्थतन्त्रमा मुद्रास्फीति एकल अंकमा रहने प्रक्षेपण छ ।
- **दक्षिण एसियाः** सन् २०२५ मा बङ्गलादेशको मुद्रास्फीति सबैभन्दा उच्च (१०.० प्रतिशत) रहने र अन्य मुलुकमा यो एकल अंकमा रहने अनुमान छ। नेपालको मुद्रास्फीति ४.९ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।
- **पेट्रोलियम पदार्थः** अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्यमा कमी आउने प्रक्षेपण छ। सन् २०२४ मा प्रति ब्यारल ८१ अमेरिकी डलर रहेको मूल्य सन् २०२५ मा १८.५ प्रतिशतले कमी आई ६६ अमेरिकी डलर कायम हुने अनुमान छ।

चालु खाता सन्तुलन

नेपालबाहेक दक्षिण एसियाका अन्य मुलुकहरूको चालु खाता घाटामा रहने देखिन्छ।

- **नेपालः** सन् २०२५ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा चालु खाता ०.७ प्रतिशतले बचतमा रहने प्रक्षेपण छ।
- **भुटानः** भुटानको चालु खाता कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सबैभन्दा बढी घाटामा रहने अनुमान छ।
- **चीनः** चीनको चालु खाता कुल गार्हस्थ्य उत्पादनको १.९ प्रतिशतले बचतमा रहने प्रक्षेपण छ ।

समग्रमा, अन्तर्राष्ट्रिय विकास सहायतामा आएको संकुचन र आप्रवासी श्रमिकमाथिको कडाइले विकासशील मुलुकहरूको स्रोत परिचालनमा चुनौती थपिएको छ, जसले गर्दा आन्तरिक स्रोत र रोजगारी अभिवृद्धि गर्न आर्थिक नीतिमा समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ख) नेपालको आर्थिक स्थिती:

नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ मा आधारित नेपालको पछिल्लो आर्थिक स्थितिको विवरण देहायबमोजिम छः

(क) आर्थिक वृद्धि

आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ४.६१ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०८०/८१ मा यस्तो वृद्धि ३.६७ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार (प्रचलित मूल्यमा) रु. ६१ खर्ब ७ अर्ब पुग्ने अनुमान छ ।

- **क्षेत्रगत वृद्धिदरः**
  - **कृषि क्षेत्रः** चालु आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशतले बढ्ने अनुमान छ । गत आर्थिक वर्ष यो वृद्धिदर ३.३५ प्रतिशत थियो ।
  - **गैर-कृषि क्षेत्रः** गैर-कृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ, जुन गत आर्थिक वर्ष ३.३६ प्रतिशतले बढेको थियो ।
- **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानः**
  - चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योग क्षेत्रको १२.८३ प्रतिशत र सेवा क्षेत्रको ६२.०१ प्रतिशत रहने अनुमान छ ।
  - गत आर्थिक वर्षमा यो योगदान क्रमशः २४.७१ प्रतिशत, १२.९१ प्रतिशत र ६२.३८ प्रतिशत रहेको थियो ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

### (ख) मूल्य स्थिति

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको कमी र छिमेकी मुलुकको मुद्रास्फीतिमा आएको सुधारका कारण नेपालको औसत उपभोक्ता मुद्रास्फीति नियन्त्रणमा रहेको छ ।

- चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशतमा झरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.०८ प्रतिशत रहेको थियो ।
- वार्षिक विन्दुगत आधारमा, २०८१ फागुनमा उपभोक्ता मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ । यसमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९७ प्रतिशत छ ।

### (ग) उपभोग

नेपालको कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश उच्च रहने प्रवृत्ति कायमै छ।

- चालु आर्थिक वर्षमा कुल उपभोगले कुल गार्हस्थ्य उत्पादनको ९३.४५ प्रतिशत हिस्सा ओगट्ने अनुमान छ । गत आर्थिक वर्ष यो अंश ९३.७८ प्रतिशत थियो ।
- कुल उपभोगमा सरकारी क्षेत्रको अंश ७.७६ प्रतिशत, निजी क्षेत्रको ९०.१८ प्रतिशत र गैर-नाफामूलक संस्थाको २.०६ प्रतिशत रहने अनुमान छ ।
- निजी क्षेत्रको उपभोग संरचनामा खाद्य वस्तुको अंश सबैभन्दा बढी ४९.३० प्रतिशत, गैर-खाद्य वस्तुको १८.१९ प्रतिशत र सेवाको ३२.५१ प्रतिशत रहने अनुमान छ ।

### (घ) बचत

कुल उपभोग उच्च रहेकाले गार्हस्थ्य बचत न्यून रहेको छ, यद्यपि पछिल्ला वर्षमा कुल राष्ट्रिय बचत बढ्दै गएको छ।

- **कुल गार्हस्थ्य बचतः** चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.५५ प्रतिशत पुग्ने अनुमान छ, जुन गत आर्थिक वर्ष ६.२२ प्रतिशत थियो ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- **कुल राष्ट्रिय बचतः** चालु आर्थिक वर्षमा कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.२४ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षमा यो अनुपात ३५.३९ प्रतिशत थियो ।

**(ङ) लगानी**

पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा कमी आएको छ।

- **कुल लगानी (कुल पुँजी निर्माण)**: चालु आर्थिक वर्षमा कुल लगानी १.३ प्रतिशतले घटेर रु. १७ खर्ब १३ अर्ब १० करोड रहने अनुमान छ ।
- **कुल स्थिर लगानीः** चालु आर्थिक वर्ष कुल स्थिर लगानी ५.८ प्रतिशतले बढेर रु. १४ खर्ब ७० अर्ब १२ करोड पुग्ने अनुमान छ ।
- **स्थिर लगानीको संरचनाः** कुल स्थिर लगानीमा सरकारी क्षेत्रको हिस्सा ३१.० प्रतिशत, निजी क्षेत्रको ६०.८ प्रतिशत र सार्वजनिक संस्थानको ८.२ प्रतिशत रहने अनुमान छ ।

**(च) प्रतिव्यक्ति आय**

नेपालको प्रतिव्यक्ति आयमा क्रमशः वृद्धि भइरहेको छ।

- **प्रतिव्यक्ति कुल राष्ट्रिय आयः** आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) ५.८ प्रतिशतले बढेर रु. २ लाख ६ हजार ४ सय २४ पुग्ने अनुमान छ । अमेरिकी डलरमा यो १,५१७ अमेरिकी डलर हो ।
- **प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनः** चालु आर्थिक वर्षमा यो ६.० प्रतिशतले बढेर रु. २ लाख ३ हजार ५ सय ३८ (१,४९६ अमेरिकी डलर) पुग्ने अनुमान छ ।

**(छ) सार्वजनिक वित्त**

चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक वित्तका सूचकहरू सामान्य रहेका छन्, र संघीय राजस्व परिचालनमा भएको वृद्धिले बजेट घाटामा सुधार देखिएको छ ।

- **संघीय खर्चः** चालु आर्थिक वर्षको फागुनसम्म संघीय खर्च गत वर्षको सोही अवधिको तुलनामा



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत

४.७ प्रतिशतले बढेर रु. ८ खर्ब ३९ अर्ब पुगेको छ । आर्थिक वर्ष २०८०/८१ को कुल संघीय खर्चमा चालु खर्च ६६.७ प्रतिशत, पुँजीगत खर्च १३.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फको अंश १९.५ प्रतिशत रहेको थियो ।

- **संघीय राजस्वः** चालु आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व १२.६ प्रतिशतले बढेर रु. ५ खर्ब ६१ अर्ब ९३ करोड पुगेको छ । गत आर्थिक वर्ष २०८०/८१ को कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २९.३ प्रतिशत, आयकरको २६.७ प्रतिशत र भन्सार महसुलको १९.० प्रतिशत थियो ।

- **वित्त घाटाः** चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको समग्र वित्त घाटा (अनुदानसहित) रु. १६ अर्ब १९ करोडमा सीमित छ । आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो घाटा २.५३ प्रतिशत थियो ।

- **सार्वजनिक ऋणः** २०८१ फागुनसम्म सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण रु. २६ खर्ब ७६ अर्ब ४ करोड पुगेको छ । यसमा आन्तरिक ऋणको हिस्सा ४९.२ प्रतिशत र बाह्य ऋणको हिस्सा ५०.८ प्रतिशत रहेको छ । यो रकम कुल गार्हस्थ्य उत्पादनको ४३.८ प्रतिशत हो ।

३. स्थानीय वित्त (गत आर्थिक बर्ष र चालु आर्थिक बर्षको चैत्र मसान्त सम्मको विवरण )

क) स्थानीय आय

उर्लाबारी नगरपालिकाको स्थानीय आयको तुलनात्मक विश्लेषण र चुनौतीहरू

प्रस्तुत विश्लेषणमा उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को कुल १२ महिनाको वास्तविक आय र चालु आर्थिक वर्ष २०८१/८२ को पछिल्लो ९ महिनाको वास्तविक आयलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । यो विश्लेषण नगरपालिकाको आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट प्राप्त आयमा केन्द्रित छ ।

१. राजस्व बाँडफाँडबाट प्राप्त आयको तुलनात्मक अवस्था

चालु आर्थिक वर्षको पहिलो ९ महिनामा राजस्व बाँडफाँडबाट प्राप्त कुल आय रु.



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१३,४०,२६,३२२.८५ रहेको छ, जुन गत आर्थिक वर्षको कुल आय रु. १३,१९,१३,०५४.४१ भन्दा बढी हो । यसले चालु वर्षमा राजस्व बाँडफाँडतर्फको आम्दानी उत्साहजनक रहेको देखाउँछ ।

**विभिन्न शीर्षकहरूको विश्लेषण:**

- **घरजग्गा रजिष्ट्रेसन दस्तुर:** गत आ.व. मा रु. ३,७६,८९,४४५.०० संकलन भएकोमा चालु आ.व. को ९ महिनामा रु. ३,२१,१२,८७३.०० संकलन भएको छ । यो गत वर्षको तुलनामा सन्तोषजनक देखिन्छ ।

- **मूल्य अभिबृद्धि कर:** गत आ.व. मा रु. ६,४५,१८,८९६.२६ प्राप्त भएकोमा चालु आ.व. को ९ महिनामा रु. ६,३६,१४,१४८.५२ प्राप्त भइसकेको छ । यस शीर्षकमा ९ महिनामै गत वर्षको हाराहारीमा रकम संकलन हुनुले उल्लेख्य वृद्धि संकेत गर्दछ ।

- **अन्तःशुल्क:** चालु आ.व. को ९ महिनामा यस शीर्षकबाट रु. २,७९,११,९९५.०८ आम्दानी भएको छ, जुन गत वर्षको प्रतिवेदनमा उल्लेख थिएन । यो राजस्व बाँडफाँडको नयाँ र महत्वपूर्ण स्रोतको रूपमा देखिएको छ ।

- **सवारी साधन कर:** गत आ.व. मा रु. ९५,६४,६४८.९१ संकलन भएकोमा चालु आ.व. को ९ महिनामा रु. ९७,७२,३१८.६५ संकलन भई गत वर्षको तथ्यांकलाई पार गरिसकेको छ ।

- **वन रोयल्टी:** गत आ.व. मा रु. १९,०९,५३१.६५ प्राप्त भएकोमा चालु आ.व. को ९ महिनामा जम्मा रु. ६,१४,९८७.६० मात्र प्राप्त भएकोले संकलनमा भारी गिरावट देखिन्छ ।

- **दहत्तर बहत्तर बिक्रीबाट प्राप्त आय:** गत आ.व. मा रु. १,७८,५४,१२६.२७ जस्तो महत्वपूर्ण आयस्रोत रहेको यस शीर्षकमा चालु आ.व. को ९ महिनामा कुनै पनि आय प्राप्त भएको छैन ।

- **विज्ञापन कर:** गत आ.व. मा रु. ३,७६,४०६.३२ संकलन भए तापनि चालु आ.व. को ९ महिनामा यो शीर्षकबाट कुनै आय प्राप्त भएको छैन ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## २. आन्तरिक स्रोतबाट प्राप्त आयको तुलनात्मक अवस्था

गत आर्थिक वर्ष २०८०/८१ को १२ महिनामा आन्तरिक स्रोतबाट कुल रु. २३,३७,२०,१०६.२६ आम्दानी भएको थियो । चालु आ.व. २०८१/८२ को पहिलो ९ महिनामा रु. १६,७८,००,६१०.३४ संकलन भएको छ, जुन गत वर्षको कुल संकलनको करिब ७२% हो ।

**विभिन्न शीर्षकहरूको विश्लेषण:**

- **सम्पत्ति तथा भूमिकर:** गत आ.व. मा सम्पत्ति करबाट रु. ५७,५१,४८१.३७ र भूमिकरबाट रु. ५८,६२,१२३.३९ संकलन भएको थियो । चालु आ.व. को ९ महिनामा सम्पत्ति करबाट रु. ८१,१८,८०७.६३ र भूमिकरबाट रु. ७०,०१,८८५.७३ संकलन भएको छ, जुन दुवै शीर्षकमा उत्साहजनक वृद्धि हो ।

- **वहाल कर तथा वहाल विटौरी कर:** गत आ.व. मा वहाल करबाट रु. ६७,३४,५३३.०१ र वहाल विटौरीबाट रु. ८,८०,९८५.१० प्राप्त भएकोमा चालु आ.व. को ९ महिनामा क्रमशः रु. ५६,२६,९५६.९६ र रु. २२,८१,२४१.७३ संकलन भएको छ । वहाल करको संकलन दर केही सुस्त देखिन्छ भने वहाल विटौरी करमा उल्लेख्य वृद्धि भएको छ ।

- **नक्सापास तथा सिफारिस दस्तुर:** नक्सापास दस्तुरतर्फ गत आ.व. मा रु. ४३,२५,४२६.३९ संकलन भएकोमा चालु आ.व. को ९ महिनामा रु. ५१,४६,५८५.७१ संकलन भई प्रगति राम्रो देखिएको छ । तर, सिफारिस दस्तुरतर्फ गत वर्षको रु. १,१३,५२,५९०.३० को तुलनामा चालु वर्षको ९ महिनामा रु. १,०५,९२,९७२.०० मात्र संकलन हुँदा संकलनको गति केही कम देखिन्छ ।

- **व्यवसाय कर:** गत आ.व. मा रु. १,०१,५९,१६५.४० संकलन भएको यस शीर्षकमा चालु आ.व. को ९ महिनामा रु. ७७,९४,१९५.०० मात्र संकलन भएकोले यसको संकलनमा सुस्तता आएको देखिन्छ ।

- **अन्य सेवा शुल्क तथा बिक्री:** गत आ.व. मा रु. ५०,८८,७११.३० संकलन भएकोमा चालु आ.व. को ९ महिनामा जम्मा रु. ८५,३८३.०० मात्र संकलन हुनुले यस आयस्रोतमा भारी गिरावट आएको देखाउँछ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- बेरुजू: गत आ.व. मा रु. ३,४६,०२१.९५ मात्र असुल भएकोमा चालु आ.व. को ९ महिनामा रु. ४२,७३,३१४.७७ बेरुजू असुल हुनुलाई सकारात्मक मान्न सकिन्छ ।

### ३. पालिकाको आन्तरिक आय व्यवस्थापनका चुनौतीहरू

माथिको विश्लेषणको आधारमा, उर्लाबारी नगरपालिकाको आन्तरिक आय व्यवस्थापनमा निम्न चुनौतीहरू देखिन्छन्:

- **आय स्रोतको अस्थिरता:** गत वर्ष राम्रो आम्दानी दिएका दहत्तर-बहत्तर बिक्री र वन रोयल्टी जस्ता शीर्षकहरूबाट यस वर्ष नगन्य वा शून्य आय हुनुले बजेट निर्माण र वित्तीय योजनामा चुनौती थपेको छ । कुनै एक आयस्रोतमाथिको निर्भरता जोखिमपूर्ण देखिन्छ ।
- **कर संकलनको दायरा र प्रभावकारिता:** व्यवसाय कर, सिफारिस दस्तुर, र अन्य विभिन्न दस्तुरहरूको संकलन दर अपेक्षित रूपमा बढ्न सकेको छैन । करको दायरा विस्तार गर्ने र संकलन प्रक्रियालाई थप प्रभावकारी बनाउनु आवश्यक छ ।
- **सम्भावित स्रोतको न्यून उपयोग:** राजस्व बाँडफाँड अन्तर्गतको विज्ञापन कर र आन्तरिक स्रोततर्फको पूर्वाधार सेवा उपयोग कर जस्ता शीर्षकहरूबाट शून्य वा अत्यन्तै न्यून आय हुनुले सम्भावित स्रोतहरूको पहिचान र परिचालनमा कमी रहेको देखिन्छ ।
- **राजस्वका नयाँ क्षेत्रहरूको पहिचान:** कृषि तथा पशुजन्य व्यवसाय कर जस्ता नयाँ शीर्षकहरूबाट आय संकलन हुन नसक्नुले नयाँ कर क्षेत्रहरूको पहिचान गरे पनि कार्यान्वयन पक्ष फितलो रहेको संकेत गर्दछ ।
- **बाह्य स्रोतमा निर्भरता:** आन्तरिक आय सन्तोषजनक भए तापनि बजेटको ठूलो हिस्सा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँटमा निर्भर छ । यी स्रोतहरूमा हुने सामान्य उतारचढावले पनि नगरपालिकाको योजना तथा कार्यक्रममा असर पार्न सक्छ ।
- **सेवा शुल्क संकलनमा गिरावट:** विशेषगरी 'अन्य सेवा शुल्क तथा बिक्री' जस्ता शीर्षकमा देखिएको भारी गिरावटको कारण पहिचान गरी सुधारका कदम चाल्नु चुनौतीपूर्ण छ । यसले सेवा प्रवाह र राजस्व संकलनबीचको तालमेलमा समस्या रहेको हुन सक्ने देखाउँछ ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ख) अन्तरसरकारी वित्तिय हस्तान्तरण ( गत आर्थिक बर्ष र चालु आर्थीक बर्षको चैत्र मसान्तसम्मको विवरण )

उर्लाबारी नगरपालिकाले प्राप्त गर्ने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको शीर्षक अन्तर्गत गत आर्थिक वर्ष २०८०/८१ (१२ महिना) र चालु आर्थिक वर्ष २०८१/८२ (चैत मसान्त, ९ महिना) को आम्दानीलाई हेर्दा चालु वर्षमा अनुदान प्राप्ति उल्लेख्य रूपमा बढेको देखिन्छ । संघीय सरकारबाट गत आ.व. को अवधिमा कुल रु. ५८,२८,६१,१८६.०० प्राप्त भएकोमा, चालु आ.व. को पहिलो ९ महिनामै कुल रु. ६३,७८,६७,३९३.८३ प्राप्त भइसकेको छ। शीर्षकगत रूपमा हेर्दा, गत वर्ष रु. १४,५५,४५,000.00 रहेको समानिकरण अनुदान चालु वर्षको ९ महिनामा रु. १४,८७,४२,९६०.०० पुगेको छ। त्यसैगरी, शसर्त अनुदान (चालु र पुँजीगत) गत वर्ष कुल रु. ४१,२६,५६,१२३.०० रहेकोमा चालु वर्षको ९ महिनामा नै बढेर रु. ४५,८८,९४,७८०.०० पुगेको छ। समपुरक अनुदानतर्फ पनि गत वर्षको रु. ६४,८५,१९८.०० को तुलनामा यस वर्षको ९ महिनामा रु. १,०५,००,०००.०० प्राप्त हुनुले संघीय अनुदानमा उल्लेख्य वृद्धि भएको पुष्टि हुन्छ।

प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा पनि चालु आर्थिक वर्षमा उत्साहजनक वृद्धि देखिएको छ । गत आ.व. २०८०/८१ को १२ महिनामा प्रदेश सरकारबाट कुल रु. २,२१,१६,५७४.०० अनुदान प्राप्त भएको थियो। यसको तुलनामा चालु आ.व. २०८१/८२ को पहिलो ९ महिनामा नै यो रकम बढेर रु. ४,०७,०१,३८०.०० पुगेको छ। प्रदेशतर्फको समानिकरण अनुदान गत वर्षको रु. १,००,९९,०००.०० को तुलनामा चालु वर्षको ९ महिनामा रु. १,०३,१८,०००.०० पुगेको छ। शसर्त अनुदान (चालु र पुँजीगत) मा सबैभन्दा ठूलो वृद्धि देखिएको छ; गत वर्ष कुल रु. ५४,३१,४८३.०० प्राप्त भएकोमा चालु वर्षको ९ महिनामा यो रकम ह्वात्तै बढेर रु. २,०५,३८,०००.०० पुगेको छ । त्यसैगरी, प्रदेश समपुरक अनुदान पनि गत वर्षको रु. ६५,८६,०९१.०० बाट बढेर चालु वर्षको ९ महिनामा रु. ९८,४५,३८०.०० पुगेको छ, जसले प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा उल्लेख्य बढोत्तरी भएको देखाउँछ ।

समग्रमा, गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो नौ महिनामा उर्लाबारी नगरपालिकाले संघीय तथा प्रदेश दुवै सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण रकममा उल्लेख्य वृद्धि भएको छ । चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा नै दुवै तहका सरकारबाट प्राप्त कुल अनुदान रकमले गत वर्षको १२ महिनाको कुल अनुदानलाई नाघेको छ । विशेषगरी शसर्त र समपुरक अनुदानमा भएको वृद्धिले नगरपालिकामा सञ्चालन हुने विभिन्न लक्षित कार्यक्रम तथा पूर्वाधार आयोजनाहरूका लागि वित्तीय स्रोत बढेको देखिन्छ । अनुदान रकममा भएको यो वृद्धिले नगरपालिकालाई विकास निर्माणका



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यहरूमा गति दिन अवसर प्रदान गरे तापनि बढेको स्रोतको प्रभावकारी र समयमै खर्च गर्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ ।

ग) स्थानीय खर्च (चालु खर्च , पुजिगत खर्च ,वित्तिय खर्च र  स्थानीय खर्चका चुनौतीहरु)

उर्लाबारी नगरपालिकाको गत आर्थिक वर्ष २०८०/८१ को १२ महिनाको र चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ९ महिनाको व्यय विवरणलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा खर्चको प्रवृत्ति र चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

१. चालु खर्च

गत आर्थिक वर्ष २०८०/८१ को कुल १२ महिनामा चालु खर्च रु. ४६,६३,४२,०१२.१८ भएको थियो । चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो नौ महिनामा चालु खर्च रु. ३५,०८,१५,२२९.५७ पुगेको छ । प्रतिशतको हिसाबले, चालु वर्षको ९ महिनामा गत वर्षको कुल चालु खर्चको करिब ७५% रकम खर्च भएको देखिन्छ । वर्षको ७५% अवधिमा सोही अनुपातमा खर्च हुनुले तलब, भत्ता, कार्यालय सञ्चालन जस्ता नियमित र प्रशासनिक खर्चहरूमा निरन्तरता र स्थिरता रहेको देखिन्छ । यद्यपि, कर्मचारी पारिश्रमिक जस्ता शीर्षकमा गत वर्षको रु. ५.६७ करोडको तुलनामा  यस वर्षको ९ महिनामा रु. १४.४३ करोड खर्च हुनुले चालु खर्चको संरचनामा ठूलो परिवर्तन आएको र यसले भविष्यमा दायित्व बढाउन सक्ने संकेत गर्दछ ।

२. पुँजीगत खर्च

पुँजीगत खर्चतर्फ नगरपालिकाले चालु आर्थिक वर्षमा उल्लेख्य प्रगति गरेको देखिन्छ । गत आ.व. २०८०/८१ को १२ महिनामा कुल पुँजीगत खर्च रु. ४४,६५,०७,९९८.५५ भएको थियो । यसको तुलनामा, चालु आ.व. २०८१/८२ को पहिलो ९ महिनामा नै रु. ३९,२४,११,७१५.६७ खर्च भइसकेको छ । यो गत वर्षको कुल पुँजीगत खर्चको करिब ८८% हो । आर्थिक वर्षको पहिलो तीन चौमासिकमा नै यति उच्च दरमा पुँजीगत खर्च हुनुले विकास निर्माण र पूर्वाधारका आयोजनाहरूले तीव्रता पाएको स्पष्ट हुन्छ । विशेषगरी, "सडक तथा पूल निर्माण" शीर्षकमा गत वर्षको रु. २९.६९ करोडको तुलनामा  यस वर्षको ९ महिनामै रु. २८.०५ करोड खर्च भइसकेको छ , जसले पूर्वाधार विकासमा उच्च प्राथमिकता दिइएको देखाउँछ ।

३. वित्तीय व्यवस्था खर्च



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तुत विवरणहरूमा "वित्तीय व्यवस्था खर्च" लाई छुट्टै शीर्षकको रूपमा वर्गीकरण गरिएको पाइँदैन । तर, चालु खर्च अन्तर्गत रहेका "राजस्व फिर्ता" र "अन्य फिर्ता" जस्ता शीर्षकहरूलाई यस अन्तर्गत विश्लेषण गर्न सकिन्छ । गत आ.व. मा राजस्व फिर्ता रु. १,७६,२६५.४८ खर्च भएको थियो । चालु आ.व. को ९ महिनाको विवरणमा यो शीर्षक उल्लेख नभए पनि "अन्य फिर्ता" रु. २९,७००.०० खर्च देखिन्छ । यसले वित्तीय दायित्वहरूको व्यवस्थापन नियमित रूपमा भइरहेको तर रिपोर्टिङमा सामान्य भिन्नता रहेको देखाउँछ ।

४. स्थानीय खर्चका चुनौतीहरू

माथिको विश्लेषणका आधारमा नगरपालिकाको खर्च व्यवस्थापनमा निम्न चुनौतीहरू देखिन्छन्:

- **चालु र पुँजीगत खर्चको सन्तुलनः** चालु वर्षमा पुँजीगत खर्चको वृद्धिदर उत्कृष्ट रहे पनि कर्मचारीको पारिश्रमिक लगायतका शीर्षकमा चालु खर्चको भार उल्लेख्य रूपमा बढ्दै गएको छ । भविष्यमा विकासका लागि स्रोत अभाव हुन नदिन चालु खर्चको वृद्धिलाई नियन्त्रण गर्दै पुँजीगत खर्चसँग सन्तुलन कायम गर्नु प्रमुख चुनौती हो ।
- **खर्चको गुणस्तर सुनिश्चितताः** पुँजीगत खर्चको रफ्तार बढ्दै जाँदा निर्माण भएका आयोजनाहरूको गुणस्तर कायम राख्नु अर्को महत्वपूर्ण चुनौती हो । तीव्र गतिमा हुने खर्चले अनुगमन र मूल्यांकन प्रक्रियालाई कमजोर बनाउन सक्ने हुँदा खर्चको प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्नुपर्ने देखिन्छ ।
- **विषयगत क्षेत्रमा असमान खर्च प्रगतिः** समग्र पुँजीगत खर्च उच्च भए पनि केही क्षेत्रहरूमा खर्चको प्रगति अत्यन्तै न्यून छ । उदाहरणका लागि, "तटबन्ध तथा बाँधनिर्माण" मा विनियोजित बजेटको जम्मा ४.५९% र "सिंचाई संरचना निर्माण" मा १३.७४% मात्र खर्च भएको छ। यसले सबै क्षेत्रमा समान कार्यान्वयन क्षमता नभएको र प्राथमिकता निर्धारणमा असन्तुलन रहेको देखाउँछ ।
- **बढेको बजेटको उपयोग क्षमताः** अनुदान र राजस्वबाट वित्तीय स्रोत बढेसँगै सो स्रोतलाई समयमै र प्रभावकारी रूपमा उपयोग गर्न सक्ने संस्थागत क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । केही क्षेत्रमा देखिएको न्यून खर्चले नगरपालिकाको बजेट उपयोग क्षमतामा अझै सुधारको आवश्यकता रहेको देखाउँछ ।

प्रमुख प्रशासकीय अधिकृत



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

४) आर्थिक विकास (गत आर्थिक बर्ष र चालु आर्थिक बर्षको चैत्र मसान्तसम्मको विवरण )

**क. स्थानीय सडक तथा पूर्वाधार निर्माणको अवस्थाः**

आर्थिक वर्ष २०८०/८१ वार्षिक समिक्षा प्रतिवेदनका आधारमा मा उर्लाबारी नगरपालिकाले पूर्वाधार विकास, विशेषगरी सडक सञ्जाल विस्तारमा उल्लेखनीय कार्य गरेको छ। यस अवधिमा ३.८४ किलोमिटर सडक कालोपत्रे, १६.१० किलोमिटर ग्राभेल, ४.५७ किलोमिटर ड्रेन निर्माण, र २.५८ किलोमिटरमा पेभिङ्ग ब्लक बिछ्याउने कार्य सम्पन्न भएको छ। यसका साथै, विश्व बैंकको ऋण र नेपाल सरकारको अनुदानमा कृष्णचोकदेखि सुनझोडा सामुदायिक वनसम्मको सडक स्तरोन्नतिको कार्य पनि अघि बढिरहेको छ। नगर गौरवको योजना अन्तर्गत बक्राहा विष्णु गंगाघाट निर्माणको पहिलो चरण पनि सम्पन्न भएको छ। साथै यस आ.व.को चैत्र मसान्त सम्मा कालेपत्रे – ८.८६ कि.मि. ,ड्रेन – ५८४ मि.,ग्राभेल – ६.८८ कि.मि.,पेभिङ व्लक – ८९८ मि.,साइडवाल – ३ कि.मि.,पुल/कल्भर्ट - ४ वटा र भवन मर्मत/निर्माण – २६ वटा यद्यपि, पूर्वाधार विकास क्षेत्रमा विनियोजित बजेटको ६५.८०% मात्र खर्च भएको देखिन्छ, जसको कारण कार्यान्वयनमा ढिलाइ र केही योजनाको औचित्यमा प्रश्न उठ्नुलाई मानिएको छ।

**ख. सिंचाईको अवस्थाः**

नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन २०८०।०८१ अनुसार कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि सिंचाई एक महत्त्वपूर्ण आधार हो। यसलाई मध्यनजर गर्दै नगरपालिकाले गत आर्थिक वर्षमा कृषकहरूलाई सिंचाई सुविधा पुर्याउन महत्त्वपूर्ण कार्यक्रम सञ्चालन गरेको छ। प्रतिवेदनअनुसार, कृषकहरूलाई २ हर्सपावर क्षमताका १४४ थान मोटर/बोरिङ सेट वितरण तथा जडान गरिएको छ, जसबाट करिब १५० हेक्टर जमिन सिञ्चित भएको छ। यसले परम्परागत आकाशे पानीको भरमा खेती गर्ने किसानहरूलाई ठूलो राहत मिलेको र कृषि उत्पादन बढाउन मद्दत पुगेको विश्लेषण गर्न सकिन्छ।

**ग. वित्तीय क्षेत्र (बैंक तथा वित्तीय संस्थाहरू):**

नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन २०८०।०८१ अनुसार उर्लाबारी नगरपालिकामा वित्तीय पहुँचको अवस्था सन्तोषजनक देखिन्छ। नगरपालिकाभित्र विभिन्न वाणिज्य तथा विकास बैंकहरूको उपस्थिति रहेको छ। सामाजिक सुरक्षा भत्ता वितरणको कार्यमा मात्रै प्रभु बैंक, प्राइम कमर्सियल बैंक, मितेरी विकास बैंक, मुक्तनाथ विकास बैंक, कुमारी बैंक, एनएमबि बैंक, एनआइसी एसिया बैंक, र ससकोशी विकास बैंक जस्ता वित्तीय संस्थाहरू संलग्न छन्।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

यसले नगर क्षेत्रमा वित्तीय कारोबार, बचत परिचालन, र ऋण लगानीका लागि सहज वातावरण रहेको देखाउँछ।

**ङ) लघु, घरेलु, साना उद्योग, औद्योगिक ग्राम र सीप विकासः**

नगरपालिकाको बार्षिक समिक्षा २०८०।०८१ प्रतिवेदनमा लघु, घरेलु तथा साना उद्योगको कुल संख्या उल्लेख नगरिए पनि यस्ता उद्यम प्रवर्द्धन गर्न नगरपालिकाले विभिन्न सीप विकास कार्यक्रमहरू सञ्चालन गरेको छ। गत वर्ष ५५ जनालाई ड्राइभिङ, कुक र बारिष्टा तालिम प्रदान गरिएको थियो । यसैगरी महिलाहरूलाई लक्षित गरी सिलाइकटाइ, ब्युटिपार्लर, ढाका बुनाई, पेटानी बुनाई, र मौरी पालन जस्ता तालिमहरू दिइएको छ, जसबाट सयौं महिलाहरू लाभान्वित भएका छन् । स्थानीय निर्माणकर्मीहरूका लागि मेसन तालिम पनि सञ्चालन गरिएको थियो । यी तालिमहरूले स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गर्न र लघु उद्यम स्थापनामा सहयोग पुर्याएको छ। एक सेनेटरी प्याड उद्योग स्थापना हुनु र कोशेली घर सञ्चालनमा आउनु यसको उपलब्धि हो । यद्यपि, प्रतिवेदनमा औद्योगिक ग्रामको स्थापना वा सञ्चालन सम्बन्धी कुनै विवरण भने समावेश गरिएको छैन।

**च. श्रम तथा रोजगारी सम्बन्धी विवरणः**

- नगरपालिकाको बार्षिक समिक्षा प्रतिवेदन २०८०।०८१ अनुसार रोजगारी सिर्जना नगरपालिकाको प्राथमिकतामा रहेको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत १५५ जना सूचीकृत बेरोजगारलाई ७,००० दिन बराबरको रोजगारी प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जानेहरूका लागि सहजीकरण गर्दै २८० जनालाई श्रम स्वीकृति पत्र दिलाइएको छ । साथै, वैदेशिक रोजगार बोर्डमार्फत ८ जना मृतकका परिवारलाई क्षतिपूर्ति, ४ जनालाई स्वास्थ्य उपचार र १६ जना सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउन सहयोग गरिएको छ ।यस आ.व.को चैत्र मसान्त सम्म प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ७९ जना सूचीकृत बेरोजगारलाई ४१८७ दिन बराबरको रोजगारी प्रदान गरिएको छ । श्रम स्विकृति तथा पुनःश्रम स्विकृतिका निम्ति सहजिकरण गरि हाल २९९ जना व्यक्तिलाई पुनःश्रम स्विकृति पत्र दिइएको । वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैदेशिक रोजगार बोर्डवाट प्रदान गर्ने कल्याणकारी सेवा अन्तर्गत मृत्युको क्षतिपुर्ति रकम ५ जना व्यक्तिलाई र पारिवारिक स्वास्थ्य उपचारको लागि ६ जना गरि जम्मा ११ जना व्यक्तिलाई आर्थिक सहयोग दिलाउन फारम अगाडी बढाईएको साथै २०जना बालबालिकालाई छात्रवृत्ति दिलाउन सहजिकरण गरिएको । कार्यस्थलमा आधारित ५० दिनको (डकर्मी तालिम) गरिएको । यद्यपि,



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाभित्रै रोजगारदाताहरूको अभाव हुनु र सोही कारण बेरोजगार व्यक्तिलाई रोजगारीमा जोड्न नसक्नु प्रमुख चुनौतीको रूपमा पहिचान गरिएको छ ।

**ज. व्यवसाय दर्ता तथा बजार अनुगमनः**

गत आर्थिक वर्षमा नगरपालिकाभित्र नयाँ व्यवसाय दर्ता गर्ने क्रम उत्साहजनक रहेको छ। ९ वटै वडाहरूबाट कुल ४९४ वटा नयाँ व्यवसाय दर्ता भएका छन् । वाणिज्य तथा बजार व्यवस्थापनतर्फ, राजस्व संकलन टोली परिचालन गरी व्यवसायीहरूलाई करको दायरामा ल्याउने प्रयास भएको छ । नगर प्रहरीले साप्ताहिक बजारहरू र पार्किङ व्यवस्थापनको कार्य गरेको छ। यद्यपि, उपभोक्ता अधिकार संरक्षणसँग सम्बन्धित बजार अनुगमनका विशेष कार्यक्रमबारे प्रतिवेदनमा विस्तृत उल्लेख छैन।

**झ. कृषि, पर्यटन, सहकारी र स्थानीय आर्थिक उत्पादनः**

उर्लाबारीको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान देखिन्छ। गत वर्ष नगरपालिकामा ४०,३५८ मेट्रिक टन खाद्यान्न बाली, ३,०९८ मेट्रिक टन तरकारी, र १,२०० मेट्रिक टन तेलहन बाली उत्पादन भएको थियो । नगरपालिकाले कृषिमा यान्त्रिकीकरणलाई प्रोत्साहन गर्दै मकै छोडाउने र रोप्ने मेसिनहरू अनुदानमा वितरण गरेको छ । सहकारी क्षेत्रलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा स्वीकार गरिएको छ र १६ वटा सहकारीको अनुगमन गरिएको छ ।साथै यस आ.व. मा ५०% अनुदानमा मौरीलाइ कृत्रिम आहारा (चिनि-३४३१ के.जी. र सातु- ५०२ के.जी), फुलखेती प्रवर्द्धन (सयपत्री फुलको विउ-२३ प्याकेट, ढुशिनाशक विषादी-३५ प्याकेट, शुक्ष्मखाद्यतत्व-३१ प्याकेट, पि.जि.आर-३० बोतल र प्राङ्गारिक मल-२००० के.जी.), खद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान (धान, गहुँ) (गहुँको विउ वितरण-९००० के.जी), उन्नत जातको मकैको विउ वितरण कार्यक्रम (५०% अनुदानमा) (सि.पी. ८०८ जातको मकैको विउ वडा नं १,२,४,५,६,९ मा ४२९० के.जी) जस्ता कार्यक्रम सञ्चालन गरिएको ।बगर खेती विकास कार्यक्रम (५०% अनुदान) खरबुजाको विउ- ३९७ प्याकेट, मल्चिङ्ग प्लाष्टिक-२४ रोल, स्प्रेयर —३० थान, फेरोमेन ट्रयाप-८०० पिस, प्राङ्गारिक मल-२००० के.जी वितरण कार्यक्रम संचालन गरिएको ।तरकारी विउ वितरण ५०% अनुदान कार्यक्रम वडा नं. १,३, र ५ मा स्वास फर्सी-५५ प्याकेट, काक्रा- १५२ प्याकेट, बोडी-११४ प्याकेट, करेला-९९ प्याकेट, भिण्डी-५८ प्याकेट वितरण कार्यक्रम संचालन गरिएको यद्यपि, सहकारीहरूले उद्देश्यभन्दा बाहिर गएर काम गर्ने र जोखिम कोषमा पर्याप्त रकम नछुटयाउने जस्ता समस्याहरू देखिएका छन् । स्थानीय उत्पादन प्रवर्द्धनका लागि सयपत्री



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

फूलखेती, तरकारी र बंगुरखेती जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन्। पर्यटनको विषयमा, संगठनात्मक संरचनामा समिति उल्लेख भए तापनि गत वर्षको समीक्षा प्रतिवेदनमा यस क्षेत्रमा भएका विशेष कार्यक्रम र उपलब्धिबारे कुनै जानकारी समावेश गरिएको छैन, जसले यो क्षेत्र कम प्राथमिकतामा परेको हुन सक्ने देखाउँछ।

**ञ. नगरपालिकाको आर्थिक क्षेत्रका चुनौतिहरु**

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनको आधारमा, पालिकाले विभिन्न आर्थिक चुनौतीहरूको सामना गरिरहेको देखिन्छ । प्रतिवेदनले साधन र स्रोतको उच्चतम प्रयोग गरी दिगो आर्थिक वृद्धि हासिल गर्नुपर्ने प्रमुख चुनौतीलाई औंल्याएको छ । राजस्व परिचालनतर्फ, बहाल बिटौरी कर जस्ता शीर्षकमा अनुमानभन्दा कम रकम संकलन हुनु तथा पूर्वाधार सेवा उपयोग करको ठेक्का नलाग्दा आम्दानी शून्य हुनुले राजस्वका स्रोतहरूको अनिश्चितता देखाउँछ । साथै, सहकारी क्षेत्रमा केही संस्थाहरूले मापदण्डविपरीत ऋण जोखिम कोषमा रकम नछुट्याउने र उद्देश्यभन्दा बाहिर गएर काम गर्नेजस्ता समस्याहरूले स्थानीय वित्तीय प्रणालीमा जोखिम बढाएको छ ।

खर्च व्यवस्थापनतर्फ, समयमा योजना सम्झौता र कार्यान्वयन हुन नसक्दा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसकेको र आर्थिक वर्षको अन्तिम चौमासिकमा कार्यान्वयन र भुक्तानीमा चाप बढ्ने प्रवृत्ति कायमै रहेको देखिन्छ । स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साको रूपमा रहेको कृषि क्षेत्रमा पनि चुनौतीहरू विद्यमान छन् । कृषकहरू व्यवसायमुखीभन्दा अनुदानमुखी हुँदै जानु, उत्पादित वस्तुको बजारीकरणमा समस्या देखिनु र कृषिमा संलग्न युवा जनशक्ति पलायन हुनु जस्ता समस्याहरूले कृषि क्षेत्रको दिगो विकासमा बाधा पुर्याएको छ । यसैगरी, श्रम तथा रोजगारको क्षेत्रमा स्थानीय स्तरमा रोजगारदाताहरूको अभाव हुनु र मागअनुसारको सीपयुक्त जनशक्ति तयार नहुनुले बेरोजगार व्यक्तिहरूलाई रोजगारीमा जोड्न नसकिएको अवस्था छ । यी समग्र चुनौतीहरूले नगरपालिकालाई वित्तीय योजना, कार्यान्वयन क्षमता र स्थानीय आर्थिक गतिविधि प्रवर्द्धनमा थप रणनीतिक प्रयास गर्नुपर्ने आवश्यकतालाई उजागर गर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

५. सामाजिक विकास ( गत आर्थिक बर्ष र चालु आर्थिक बर्षको चैत्र मसान्तसम्मको विवरण)

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनको आधारमा देहायका विषयहरूमा हासिल भएको प्रगति र पहिचान भएका चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

(क) स्वास्थ्य

१. स्वास्थ्य सम्बन्धी आधारभूत सूचकः

प्रगतिः

- पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको थियो ।
- नसर्ने रोगहरूको रोकथामका लागि ज्येष्ठ नागरिकहरूलाई मधुमेह र उच्च रक्तचापको औषधि निःशुल्क वितरण गरिएको थियो ।
- सबै स्वास्थ्य संस्थाहरूमा महिनाको एकपटक ग्रामीण भिडियो एक्सरे **(RUSG)** कार्यक्रम सञ्चालन गरिएको थियो ।
- नगरपालिकाको शीर्ष दश रोगहरूमा ग्यास्ट्राइटिस **(APD)** पहिलो स्थानमा रहेको थियो ।
- गत आर्थिक वर्षमा ९२७ जनामा डेंगु संक्रमण देखिएको थियो ।

चुनौतीहरूः

- खोपको कभरेज दर कम हुनु (डीपीटी-हेपबी-हाइब१: ७८% र एमआर-२: ८२%) एउटा प्रमुख चुनौती थियो ।
- बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउनु चुनौतीपूर्ण थियो, किनभने बालबालिकाको वृद्धि अनुगमन औसत ५ पटक मात्र भएको र बालभिटा वितरणको कभरेज पनि न्यून रहेको थियो
- गर्भवती महिलाहरूले प्रोटोकलअनुसार आठ पटक गर्भजाँच गराउने दर ३३% मात्र हुनु र संस्थागत सुत्केरी दर न्यून देखिनु (८%) सुरक्षित मातृत्व कार्यक्रमका चुनौतीहरू थिए ।
- परिवार नियोजनका साधन प्रयोग दर (CPR ४.७% मात्र हुनुले यसको पहुँच र जागरण बढाउनुपर्ने आवश्यकता देखाएको थियो ।
- क्षयरोगका बिरामीहरू कम पत्ता लाग्नु (१२३ जना) र उपचार सफलता दर ८०% मात्र रहनु अर्को चुनौती थियो।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२. प्राथमिक स्वास्थ्य केन्द्रः

प्रगतिः

नगरपालिका अन्तर्गत १ वटा स्वास्थ्य चौकी र ८ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट आधारभूत स्वास्थ्य सेवाहरूको व्यवस्थापन र सञ्चालन गरिएको थियो ।

चुनौतीहरूः

प्रतिवेदनमा प्राथमिक स्वास्थ्य केन्द्रबारे विशेष उल्लेख नभए पनि समग्र स्वास्थ्य क्षेत्रका चुनौतीहरू जस्तै तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव, उपकरणको कमी र प्रतिवेदन प्रणालीमा सुधार गर्नुपर्ने जस्ता विषयहरू यी केन्द्रहरूमा पनि लागू हुने देखिन्छ ।

३. स्वास्थ्य बीमाः

प्रगतिः

विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत १७४३ विपन्न तथा अपाङ्गता भएका परिवारलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराइएको थियो। यसमध्ये २२८ नयाँ परिवार थिए भने १५१५ परिवारको बीमा नवीकरण गरिएको थियो ।

चुनौतीहरूः

बीमा कार्यक्रमले नसर्ने रोगहरूको उपचार पूर्ण रूपमा नसमेट्नु र उपचारमा पहुँच बढाउन आर्थिक बाधाहरू रहनुले बीमाको दायरा र प्रभावकारिता विस्तार गर्नुपर्ने चुनौती देखिएको थियो।

(ख) खानेपानी र सरसफाई

१. खानेपानीः

प्रगतिः

विपन्न लक्षित खानेपानी जडान कार्यक्रम अन्तर्गत ३७३ घरधुरीमा खानेपानीको धारा जडान गरिएको थियो। नगरपालिकाले पानीका स्रोतहरूको संरक्षण र खानेपानी कार्यक्रमको दिगो व्यवस्थापनलाई प्राथमिकतामा राखेको थियो।

२. सरसफाईः

प्रगतिः

हाटबजार सरसफाई तथा व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिएको थियो । साथै, स्वास्थ्य तथा सरसफाइसम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यलाई पनि निरन्तरता दिइएको थियो।

३. फोहोरमैला व्यवस्थापनः



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रगतिः

फोहोरमैला व्यवस्थापनका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको थियो। नगर प्रहरीमार्फत जथाभावी फोहोर फाल्ने व्यक्तिहरूलाई कारबाही गरी सचेत गराइएको थियो

**चुनौतीहरूः**

- फोहोर व्यवस्थापनका लागि व्यवस्थित ल्यान्डफिल साइटको अभाव हुनु प्रमुख चुनौतीको रूपमा रहेको थियो।
- ढल व्यवस्थापन र वर्षायाममा बजार क्षेत्र डुबानमा पर्नु पनि मुख्य समस्याको रूपमा पहिचान गरिएको थियो।

**(ग) युवा तथा खेलकूद**

**प्रगतिः**

- युवा तथा खेलकूद प्रवर्द्धनका लागि रु. ५० लाख बजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो।
- नगरस्तरमा फुटबल, भारोत्तोलन, क्रिकेट, ब्याडमिन्टन, कराते र चेस जस्ता खेलहरूको प्रतियोगिता आयोजना गरिएको थियो।
- सबै ९ वटै वडाहरूमा खेलकूद सामग्री खरिद गरी वितरण गरिएको थियो।

चुनौतीहरूः

प्रतिवेदनमा यस क्षेत्रमा सञ्चालित कार्यक्रमहरू उल्लेख गरिए पनि कार्यान्वयनका क्रममा देखिएका विशेष चुनौतीहरूबारे विस्तृत रूपमा उल्लेख गरिएको थिएन।

**(घ) महिला, बालबालिका र जेष्ठ नागरिक**

**प्रगतिः**

- **महिलाः** १०५ वटा महिला विकास समिति गठन गरिएको र ती समितिहरूको कुल बचत रु. २ करोड ६ लाखभन्दा बढी पुगेको थियो। सयौं महिलाहरूलाई सिलाइकटाइ, ब्युटिपार्लर, ढाका बुनाई जस्ता विभिन्न सीप विकास तालिम प्रदान गरिएको थियो।
- **जेष्ठ नागरिकः** नगरपालिकाका ९ वटै वडाका कुल ३,८४१ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गरिएको थियो। यस आ.व. मा अपांगता परिचय पत्र जम्मा ९२ थान र ज्येष्ठ नागरिक परिचय जम्मा १०४ थान वितरण गरिएको छ ।
- **बालबालिकाः** २५ वटा सामुदायिक विद्यालयमा बालक्लब गठन गरिएको थियो।

**चुनौतीहरूः**



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- निर्णय प्रक्रियामा हुने ढिलाइले कतिपय कार्यक्रम समयमा सञ्चालन गर्न नसकिनु।
- शाखालाई फिल्डमा काम गर्नका लागि सवारी साधनको अभाव हुनु।
- नगरपालिकाको प्रशासनिक भवन अपाङ्गतामैत्री नहुनु।

(ङ) व्यक्तिगत घटना दर्ता

प्रगतिः

आर्थिक वर्ष २०८०/८१ मा व्यक्तिगत घटना दर्ता अन्तर्गत देहायअनुसारको प्रगति हासिल भएको थियो:

- जन्म दर्ताः १,२१६ जना (पुरुषः ६१५, महिलाः ६०१)
- मृत्यु दर्ताः ४५९ जना (पुरुषः २७९, महिलाः १८०)
- विवाह दर्ताः ५७१
- सम्बन्ध विच्छेद दर्ताः १०२
- बसाई सरी आउनेः ५१० परिवार (१,४८४ व्यक्ति)
- बसाई सरी जानेः २९० परिवार (७८१ व्यक्ति)

यस आ.व. को चैत्र मसान्त सम्ममा जन्मदर्ता संख्या ७६८, मृत्युदर्ता संख्या ३७७, विवाह दर्ता संख्या ४००, सम्बन्ध विच्छेद संख्या ८२, बसाई सराई आएका दर्ता संख्या ३६३ र बसाई सराई गएका दर्ता संख्या १९३ गरि जम्मा २१८३ वटा घटना दर्ता भएका छन् ।

(च) राष्ट्रिय परिचय पत्र

समीक्षा प्रतिवेदनमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ लाई कानूनी आधारको रूपमा उल्लेख गरिए पनि गत आर्थिक वर्षमा राष्ट्रिय परिचय पत्र वितरणको प्रगति वा तथ्याङ्क सम्बन्धी कुनै विवरण समावेश गरिएको थिएन ।

(छ) सामाजिक सुरक्षा

प्रगतिः

- सबै लाभग्राहीहरूलाई त्रैमासिक रूपमा बैंकमार्फत (EFT) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य सम्पन्न भएको थियो।
- आर्थिक वर्षको चौथो त्रैमासिकसम्ममा लाभग्राहीको संख्या ७,०९८ पुगेको थियो।
- यस शीर्षकमा कुल रु. २८ करोड १० लाख ७६ हजार खर्च भएको थियो।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

आ.व. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ६६६० जना लाभग्राहीहरुको नविकरण बायोमेट्रिक तथा सामान्य विधिबाट श्रावण र भाद्र महिनामा सम्पन्न गरिएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७१७७ रहेको र वितरण गरिएको जम्मा रकम रु. २१ करोड ४५ लाख १५ हजार १ सय १७ रुपैया मात्र मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको छ ।

चुनौतीहरू:

केही लाभग्राहीहरूले समयमा बैंक खाता नखोल्दा भत्ताको रकम पठाउन ढिलाइ हुनु एउटा मुख्य चुनौतीको रूपमा रहेको थियो।

**(ज) बालमैत्री स्थानीय शासन**

**प्रगतिः**

- सरोकारवालाहरूसँग छलफल गरी बालमैत्री आचारसंहिता निर्माण गरिएको थियो।
- प्रहरी कार्यालयमा बालबालिका हेल्पडेक्स र नगरपालिकाको प्रशासनिक भवनमा स्तनपान कक्ष स्थापना गरिएको थियो ।
- नगरपालिकालाई बालमैत्री घोषणा गर्नका लागि स्थितिपत्र तयार भइसकेको र वडा नं. १ र ६ लाई बालमैत्री घोषणा गरिएको छ भने यस आ.व. मा वडा नं. २,७ र ८ लाई पनि घोषणा गर्ने तयारी अन्तिम चरणमा रहेको छ ।

चुनौतीहरू:

विद्यालयहरूमा बालमैत्री भौतिक संरचनाको अभाव रहनु यस कार्यक्रमको कार्यान्वयनमा एउटा चुनौती थियो।

**(झ) टोल विकास संस्थाको विवरण**

उर्लाबारी नगरपालिकामा हाल सम्म ८० वटा टोल विकास संस्था दर्ता भएका छन् । टोल विकास संस्थाका पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि अभिमुखिकरण कार्यक्रमहरु पनि सञ्चालन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

(ञ) शिक्षा

प्रगतिः

- नगरपालिकाले कक्षा ८ को आधारभूत तहको परीक्षा सफलतापूर्वक सञ्चालन गरेको थियो ।
- SEE परीक्षा २०८० मा सामुदायिक विद्यालयहरूको औसत उत्तीर्ण प्रतिशत ४३% र संस्थागत (निजी) विद्यालयहरूको ९१% रहेको थियो।
- विश्व बैंकको सहयोगमा सञ्चालित परियोजनामार्फत २० वटा सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारमा रु. १ करोड ८१ लाख खर्च गरिएको थियो।
- स्थानीय पाठ्यक्रम छपाई गरी व्यवस्थापन गरिएको थियो।

चुनौतीहरूः

- विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीको अभावले पठनपाठनमा कठिनाइ हुनु।
- केही विद्यालयहरूमा अझै पनि भौतिक संरचनाको अभाव रहनु।
- बजेट अभावका कारण शैक्षिक क्यालेन्डरअनुसार अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न नसकिनु।

**६. वातावरण तथा विपद् व्यवस्थापन ( गत आर्थिक बर्ष र चालु आर्थिक बर्ष चैत्र मसान्त सम्मको विवरण )**

आर्थिक बर्ष २०८०।०८१ को बार्षिक समिक्षा प्रतिवेदनको आधारमा वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा देहायबमोजिमका प्रगतीहरुलाइ यस खन्डमा समावेश गर्न सकिन्छ ।

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनको आधारमा वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी विभिन्न विषयहरूमा भएका प्रगति विवरण र चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) फोहोरमैला व्यवस्थापन**

प्रगतिः

आर्थिक वर्ष २०८०/८१ मा फोहोरमैला व्यवस्थापनका लागि रु. ५० लाख बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिएको थियो। यस अवधिमा नगर प्रहरीले जथाभावी फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्न सक्रिय भूमिका खेलेको थियो। खोलामा ट्याक्टरबाट फोहोर फाल्ने एक व्यक्तिलाई रु. ५,००० जरिवाना गरिएको थियो भने अन्य व्यक्तिहरूलाई पनि फोहोर



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

उठाउन लगाई सचेत गराइएको थियो । साथै, बजार क्षेत्रमा मरेका ११ वटा कुकुरको समेत व्यवस्थापन गरिएको थियो ।

चुनौतीहरू:

नगरपालिकाका लागि फोहोर व्यवस्थापन गर्न व्यवस्थित ल्यान्डफिल साइटको अभाव हुनु प्रमुख चुनौतीको रूपमा रहेको छ । साथै, उचित ढल निकासको व्यवस्थापन गर्नु अर्को मुख्य समस्याको रूपमा पहिचान गरिएको छ ।

**ख) वातावरण मैत्री स्थानीय शासन**

प्रगति:

नगरपालिकाले दिगो विकासको अवधारणालाई आत्मासात् गर्दै आर्थिक, सामाजिक र वातावरणीय विकासबीच सन्तुलन कायम गर्ने प्रयास गरेको छ । आ.व. २०८०/८१ को वार्षिक बजेटलाई दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गरी तयार पारिएको थियो । यस अन्तर्गत सफा पानी, सरसफाइ र पानीका स्रोतहरूको संरक्षण जस्ता वातावरण मैत्री कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको थियो ।

**ग) विपद् व्यवस्थापन**

प्रगति:

विपद् व्यवस्थापनका लागि नगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । गत वर्ष हात्तीपीडित (१८ जना), आगलागी पीडित (१३ जना) र हावाहुरी पीडित (१ जना) लगायतलाई राहत वितरण गरिएको थियो । वर्षायाममा तेली खोलामा आएको बाढीको जोखिम न्यूनीकरण गर्न नगर प्रहरीले तत्काल अस्थायी तटबन्धन निर्माण गर्ने जस्ता प्रतिकार्यका कामहरू गरेको थियो ।

यस आ.व. मा विभिन्न विपद्का घटना (आगलागी, हात्ति पिडित, हावाहुरी, माछा क्षतिपुर्तिले क्षति) बाट पिडित परिवार संख्या २१ लाई राहत स्वरुप जम्मा रकम रु. ३,६२,०००।० प्रदान गरिएको छ ।

चुनौतीहरू:

नगरपालिकाका लागि हात्ती आतंक नियन्त्रण गर्नु एक प्रमुख चुनौतीको रूपमा रहेको छ । साथै, वर्षायाममा बजार क्षेत्रमा हुने डुबान र नदी कटानको समस्यालाई न्यूनीकरण गर्नु पर्ने अर्को महत्त्वपूर्ण चुनौती हो।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

घ) हरियाली संरक्षण

प्रगतिः

प्रतिवेदनमा पानीका स्रोतहरूको संरक्षण गर्ने अभियान अन्तर्गत "एक घर एक बिरुवा" अभियानमार्फत योगदान गरिँदै आएको उल्लेख छ ।

ङ) वातावरण संरक्षण

प्रगतिः

नगरपालिकामा वन, वातावरण तथा विपद् व्यवस्थापन समिति क्रियाशील रहेको छ । वातावरण संरक्षणका लागि नदी नियन्त्रण तथा तटबन्धन कार्यक्रमहरू सञ्चालन गरिएका थिए । यसका साथै बक्राहा घाट सरसफाई कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

च) अग्नि नियन्त्रण

प्रगतिः

नगरपालिकाले वारुणयन्त्र (दमकल) सेवा सञ्चालन गर्दै आएको छ । गत आर्थिक वर्षमा दमकलले उर्लाबारीभित्र ३९ र बाहिर २१ गरी कुल ६० स्थानमा भएको आगलागी नियन्त्रणमा सेवा पुर्याएको थियो । आगलागीबाट बच्ने उपायबारे सचेतना फैलाउन ४ वटा सामुदायिक विद्यालयमा प्रयोगात्मक अभ्यास समेत गराइएको थियो।

यस आ.व.मा नगर कार्यपालिकाको कार्यालयमा २४ सैं घण्टा सूचना तथा सञ्चार व्यवस्थापनका लागि आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालनमा रहेको छ भने बारुणयन्त्रबाट नगरक्षेत्रका जम्मा २२ वटा र नगरक्षेत्र बाहिरका जम्मा १८ वटा आगलागीका घटनामा नियन्त्रणको कार्य गरिएको साथै एम्बुलेन्सबाट १२३ जनालाई निशुल्क र ८३ जनालाई श-शुल्क गरि जम्मा २०६ जनालाई सेवा प्रदान गरिएको र शववाहनबाट १६४ जनालाई निशुल्क र २१ जनालाई श-शुल्क गरि जम्मा १८५ जनालाई सेवा प्रदान गरिएको छ ।

छ) अन्य विषय

प्रगतिः

नगरपालिकासँग प्रकोप व्यवस्थापन कोष रहेको छ, जसमा गत वर्ष रु. १ करोड ७९ लाखभन्दा बढी रकम रहेकोमा ३४.३५% खर्च भएको थियो । त्यसैगरी, मर्मत सम्भार कोषमा रहेको रु. १ करोड ९६ लाखमध्ये ५३.५२% खर्च भएको थियो । नगरको सौन्दर्य कायम राख्न नगर प्रहरीले मापदण्डविपरीत राखिएका ३८ वटा होर्डिङ बोर्ड र अन्य पोस्टरहरू हटाएको थियो ।



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**७. सुशासन तथा संस्थागत विकास (गत आर्थिक बर्षको वर्ष र चालु आर्थिक बर्षको चैत्र मसान्तसम्मको विवरण )**

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनको आधारमा देहायका विषयहरूमा हासिल भएको प्रगति विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) वडा कार्यालय**

उर्लाबारी नगरपालिकामा कुल ९ वटा वडाहरू रहेका छन् । यी वडा कार्यालयहरूले स्थानीय स्तरमा नागरिकलाई प्रत्यक्ष सेवा प्रवाह गर्ने महत्त्वपूर्ण कार्य गर्दछन्। गत आर्थिक वर्षमा वडा कार्यालयहरूबाट नागरिकता सिफारिस, व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद) दर्ता, नाता प्रमाणित, घर-बाटो सिफारिस, व्यवसाय दर्ता तथा नवीकरण र विभिन्न योजनाहरूको सम्झौता तथा कार्यान्वयन जस्ता सेवाहरू प्रदान गरिएको थियो । प्रगति विवरणअनुसार, वडा नं. ६ ले आफ्नो नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह सुरु गरेको थियो। यी कार्यालयहरू नगरपालिका र स्थानीय समुदायबीच समन्वय स्थापना गर्न र राजस्व संकलनमा समेत महत्त्वपूर्ण माध्यम बनेका थिए ।

**ख) स्थानीय तहको जनशक्ति विवरण**

नगरपालिकाको सङ्गठन तथा सर्वेक्षण प्रतिवेदनअनुसार, नगर सभा र नगर कार्यपालिका अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा विभिन्न शाखाहरू र ती अन्तर्गत उप-शाखाहरूको संरचना रहेको छ। यी शाखाहरूमा अधिकृत, इन्जिनियर, सहायक, कम्प्युटर अपरेटर, र कार्यालय सहयोगी जस्ता पदहरू रहेका छन्। यद्यपि, समीक्षा प्रतिवेदनले जनशक्ति व्यवस्थापनमा गम्भीर चुनौती रहेको देखाउँछ। प्रतिवेदनका अनुसार, स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । योजना, राजस्व, सूचना प्रविधि लगायतका प्राविधिक शाखाहरूमा समेत आवश्यक कर्मचारीको अभाव रहेको उल्लेख छ। यसका साथै, कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम र क्षमता विकासका कार्यक्रमहरूको अभाव रहेको पनि प्रतिवेदनमा औंल्याइएको छ।

**ग) स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) नतिजा**

आर्थिक वर्ष २०८०/८१ मा उर्लाबारी नगरपालिकाले संस्थागत क्षमता विकासमा उत्कृष्ट नतिजा हासिल गरेको थियो। स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) मा नगरपालिकाले ८०.७५ अंक प्राप्त गरेको थियो त्यसैगरी, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ८४.५० अंक प्राप्त गरेको थियो। यी उच्च अङ्कहरूले नगरपालिकालाई मोरङ



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

जिल्लाभरि नै एक उत्कृष्ट पालिकाको रूपमा स्थापित गरेको थियो। राष्ट्रिय योजना आयोग तथा वित्त आयोगबाट भएको मूल्याङ्कनमा समेत नगरपालिकाको कार्यसम्पादन प्रगति उच्च रहेको प्रतिवेदनमा उल्लेख छ।

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा प्रतिवेदनको आधारमा देहायका विषयमा भएका प्रगति विवरणलाई निम्नानुसार उल्लेख गरिएको छः

**घ) वित्तीय सुशासनः आन्तरिक नियन्त्रण, वित्तीय अनुशासन र वित्तीय सुशासन लेखाजोखा**

प्रगतिः

नगरपालिकाले वित्तीय सुशासन कायम गर्न विभिन्न प्रयासहरू गरेको थियो।

- **आन्तरिक नियन्त्रणः** नगरपालिकाले "उर्लाबारी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली २०७८" लाई मार्गदर्शनको रूपमा प्रयोग गरेको थियो  आन्तरिक लेखा परीक्षण शाखामार्फत आन्तरिक नियन्त्रण प्रणालीको लेखाजोखा गरी सुदृढीकरणका लागि सुझाव दिने कार्य भएको थियो । यद्यपि, आन्तरिक नियन्त्रण प्रणाली अनुगमन प्रतिवेदन एक चौमासिकको मात्र तयार भएको थियो।
- **वित्तीय अनुशासनः** नगरपालिकाले वित्तीय जोखिम र अनुशासनबीचको सम्बन्धलाई कायम राख्दै कार्यसम्पादन गरेको थियो । आन्तरिक लेखा परीक्षण शाखाले आर्थिक अनुशासनको परिपालना सम्बन्धमा निरन्तर सुझाव दिने जिम्मेवारी निर्वाह गरेको थियो । आर्थिक वर्ष २०८०।८१ मा उर्लाबारी नगरपालिकाको वित्तीय स्वास्थ्य मिश्रित रह्यो। कुल रु १ अर्ब २३ करोड ३२ लाखको बजेटमा ७४.०१ प्रतिशत मात्र खर्च हुनुले बजेट कार्यान्वयनमा कमजोरी रहेको देखाउँछ । विशेषगरी, पुंजीगत बजेटको केवल ६७.२३ प्रतिशत खर्च हुनुले विकास निर्माणका कार्यहरू सुस्त गतिमा अघि बढेको स्पष्ट हुन्छ । आन्तरिक राजस्व संकलन लक्ष्यभन्दा कम हुनु र पूर्वाधार सेवा उपयोग कर जस्ता शीर्षकमा शून्य आम्दानी हुनुले राजस्व व्यवस्थापनमा गम्भीर प्रशासनिक कमजोरी रहेको संकेत गर्दछ । महालेखा परीक्षकको प्रतिवेदनले आर्थिक वर्ष २०८०/८१ मा मात्र रु १ करोड ६५ लाख १० हजारको बेरुजु औंल्याएको छ, जसले वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीको नाजुक अवस्थालाई उजागर गर्दछ ।
- प्रमुख उपलब्धि र चुनौतीहरूले नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदनले कृषि, स्वास्थ्य र सामाजिक क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन भएको देखाउँछ । तर, महालेखा



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

परीक्षकको प्रतिवेदनले यी मध्ये धेरै कार्यक्रमहरूलाई वितरणमुखी र अनुत्पादक भनी टिप्पणी गरेको छ, जसको प्रभावकारिता मापन गर्ने कुनै संयन्त्र छैन । कृष्णचोक(सुनझोडा सडक स्तरोन्नति र कभर्ड हल निर्माण जस्ता ठूला पूर्वाधार आयोजनाहरूमा देखिएको ढिलासुस्ती, लागत वृद्धि र वित्तीय अनियमितताले आयोजना व्यवस्थापनमा गम्भीर प्रणालीगत कमजोरी रहेको पुष्टि गर्दछ । यसरी, नगरपालिकाको स्व(मूल्याङ्कन र बाह्य लेखापरीक्षणको निष्कर्षबीच देखिने अन्तरले पारदर्शिता र जवाफदेहितामा चुनौती रहेको देखाउँछ।

- आगामी आर्थिक वर्षको कार्यदिशा आर्थिक वर्ष २०८१।८२ का लागि कृषि, स्वास्थ्य, शिक्षा र सुशासनलाई प्राथमिकतामा राख्दै महत्वाकांक्षी नीति तथा कार्यक्रमहरू अघि सारिएको छ । तर, विगतको कमजोर कार्यान्वयन क्षमता र लेखापरीक्षणले औंल्याएका गम्भीर वित्तीय तथा प्रशासनिक कमजोरीहरूलाई सम्बोधन नगरी यी नीतिहरूले अपेक्षित प्रतिफल दिन सक्ने देखिँदैन। तसर्थ, आगामी वर्षको सफलता नीतिगत सुधारमा मात्र नभई कार्यान्वयन तहमा देखिने संस्थागत सुधार र वित्तीय अनुशासनमा निर्भर रहनेछ।
- **वित्तीय सुशासन लेखाजोखाः** स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA)** मा नगरपालिकाले ८४.५० अंक प्राप्त गरी उत्कृष्ट नतिजा हासिल गरेको थियो ।

**ङ) सामाजिक परीक्षण, जाँचपास तथा फरफारक**

आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाले सामाजिक परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो । यसका लागि विनियोजित रु. ४ लाखको बजेटमा शतप्रतिशत वित्तीय तथा भौतिक प्रगति हासिल भएको थियो । यसले कार्यक्रम कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न मद्दत पुगेको थियो।

**च) स्थानीय ऐन तथा कानूनहरूको विवरण**

नगरपालिकाले आफ्नो कार्य सञ्चालनका लागि विभिन्न स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। प्रतिवेदनमा उल्लेख भएका केही प्रमुख स्थानीय कानूनहरू देहायबमोजिम छन्:

हालसम्म कार्यपालिका र नगरसभाबाट निम्नानुसारका जम्मा १३३ वटा कानुनहरु निर्माण भएका छन् ।

क. ऐन - ३८ वटा
ख. आचारसंहिता - ३ वटा



उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

ग. निर्देशिका - १४ वटा

घ. कार्यविधि - ६६ वटा

ङ. नियमावली - १० वटा

च. नीति - १ वटा

छ. मापदण्ड - १ वटा

छ) स्थानीय प्रकाशनको विवरण

नगरपालिकाले सूचना तथा जानकारी प्रवाहका लागि स्थानीय स्तरमा विभिन्न सामग्रीहरू प्रकाशन गरेको थियो।

- शिक्षा क्षेत्रको योजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न "शैक्षिक क्यालेण्डर" निर्माण गरी लागू गरिएको थियो।
- बालबालिकाको अवस्थाबारे जानकारी दिन र भावी योजना निर्माणमा सहयोग पुर्याउन "पालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन" निर्माण तथा प्रकाशन गरिएको थियो।
- नगरबाट भए/गरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा नगरपालिकाको वेबसाईट मार्फत स्वतः प्रकाशन प्रकाशन गरिदै आएको ।

उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत